# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ७ | काठमाडौं | आइतबार, १७ वैशाख २०८० | Prabhab National Daily | Sunday, April 30, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**एसिसी पुरुष प्रिमियर कप**

## नेपाल र युएई फाइनलमा

(थप समाचार पृष्ठ ६ मा)

### शान्ति श्रेष्ठ हत्या प्रकरण

## सापटी असुल्न लिए ज्यान !

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** छोराको उपचारका लागि शान्ति श्रेष्ठले दुई वर्षअघि प्रकाश सुनारसँग १० हजार सापटी लिएकी थिइन् । शान्तिको कोठा पोखरा-३३ बाघमारामा थियो । त्यहाँ प्रकाशको आउजाउ बाक्लै हुन्थ्यो । ३५ वर्षे प्रकाश फलफूल ढुवानी गर्ने सवारी चालक हुन् । प्रकाशकै भनाइमा उनीहरूबीच बेलामौकामा शारीरिक सम्बन्धसमेत हुन्थ्यो ।

उनको घर काभ्रेको पाँचखाल नगरपालिका-६ मयलपानी । तर, बसाइ भने पोखराकै घारीपाटनमा । ४६ वर्षीया एकल महिला शान्ति हरेक साँझ प्रकाशलाई फोन गर्थिन् । शान्ति र प्रकाशको फोन सम्पर्कले प्रकाशकी श्रीमती रिसले चुर भइसकेकी थिइन् । अन्ततः उनीहरूको सम्बन्ध बिग्रियो पनि ।

भन्न त प्रकाशले भनेका छन्, 'मेरो श्रीमतीसँग सम्बन्ध बिग्रने भएकाले शान्ति श्रेष्ठलाई अब मलाई फोन नगर भनेको थिएँ ।'

पैसा दिने छाँट नगरेपछि प्रकाशको नजर शान्तिको सुनमा गयो । कानमा सुनका मुन्द्राहरू लगाएकी थिइन् शान्तिले । मुन्द्रा लिएरै पैसा असुल्ने सोच प्रकाशको भयो । 'शान्तिले मबाट सापटी लिएको रकम फिर्ता नदिएकीले उनले कानमा सुनको मुन्द्राहरू लगाएकी हुँदा यसलाई धम्क्याएर सुनका गहना लिएर पैसा उठाउने सोच बनाएँ,' प्रकाशले भनेका छन् । त्यही भएर गत २० फागुनमा प्रकाशले शान्तिलाई फोन गरे । उनीहरूको भेट पोखराको अमरसिंह चोकमा भयो । कुराकानीका क्रममा शान्तिले तनहुँको थर्पुमा एक जनाले पैसा दिने भनेकोले भोलिपल्टै थर्पु जाने सल्लाह भयो । नभन्दै २१ फागुनमा शान्तिलाई भेट्न प्रकाश अमरसिंह चोक पुगे । तर, त्यहाँ शान्ति आइपुगिनन् ।

नभेटिएपछि बा २ ख ५१२८ नम्बरको हायसका सहचालक कृष्ण थापा मगरको मोबाइल मागेर कल गरे । र, शान्ति केहीछिनमा सोही चोकमा आइपुगिन् ।

प्रहरी अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल (**बाँकी पृष्ठ २ मा**)

# कोशीमा पहिचानवादीको परेड






*तस्बिर: सामाजिक सञ्जाल*

■ **जेबी योञ्जन**

- लडाकु दस्ताको रूपमा गठित लिम्बुवान भोलेन्टियर्स तालिममा
- किरात फोर्स र काङ्सोरे फोर्स पनि गठन
- भूतपूर्व सेना, प्रहरी, सशस्त्र र पूर्वलडाकु तालिम दिँदै

**काठमाडौं–** कोशी प्रदेश नामकरणको विरोधमा यतिबेला पूर्वी नेपालमा विभिन्न दस्ता निर्माणले तरंग पैदा गराएको छ । लिम्बुवान भोलेन्टियर्सदेखि किरात फोर्स लेखिएको कालो टिसर्टधारीले परेड खेलेको दृश्यहरू सामाजिक सञ्जालमा देखिन थालेका छन् ।

उनीहरूले लगाएका टिसर्टमा नामकरणको विरोधकै क्रममा सहादत प्राप्त गरेका पदम लिम्बू लाजेहाङको तस्बिर देखिन्छ । नामकरणको विरोधमा उत्रन परेड खेल्दै गरेका भिडियोहरू सार्वजनिक भएपछि राष्ट्रिय सुरक्षामा चुनौती पुग्ने भन्दै चिन्ता व्यक्त हुन थालेको छ ।

गृह मन्त्रालयका एक उच्च अधिकारीले मन्त्रालय मातहतका सुरक्षा संयन्त्रहरूबाट लिम्बुवान भोलेन्टियर्सबारे सूचनाहरू प्राप्त भइरहेको र यो दस्ता कति खतरनाक हो ? विश्लेषण भइरहेको बताएका छन् । ती अधिकारीकाअनुसार यस्ता लडाकु दस्ताले राष्ट्रिय सुरक्षामा चुनौती दिनसक्छ । तर, गृहले यो दस्ताबारे के गर्ने भन्ने सोचेको छैन ।

'कोशीमा उठेको राजनीतिक मुद्दा हो । यसको हल राजनीतिक रूपमै हुँदा राम्रो । किनभने देशको सुरक्षा चुनौती हुनसक्ने यो दस्ताको गठन नै राजनीतिक उद्देश्य प्राप्ति खातिर देखिन्छ,' ती अधिकारीले प्रभावसँग भने, 'तर, प्राप्त सूचनाहरूको गहिरो विश्लेषण गर्दै छौं । र, हामीले अहिले नै केही सोचिएको छैन ।'

दस्ता भने आन्दोलनरत पहिचान पक्षधरमध्येको एउटा दल संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च निकट छ । पहिले नै गठन भएको यो दस्तालाई हतियार चलाउन र दुष्मनविरुद्ध लड्न हाल आएर भूतपूर्व सुरक्षाकर्मीहरू सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले तालिम दिइरहेको उक्त दलका एक नेताले बताए । ती नेताको भनाइमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको कोशी भ्रमणपछि भने पूर्वमाओवादी लडाकुहरू पनि लडाकु दस्तामा आउन थालेका छन् ।

एलभीबाहेक पहिचानवादीहरूले लडाकु दस्ताकै रूपमा 'किरात फोर्स' र 'काङ्सोरे फोर्स' गठन गरेको विवरणहरू पनि सार्वजनिक भएका छन् । यी दुई लडाकु दस्ताबारे भने आधिकारिक धारणा पहिचान पक्षधरहरूबाट सार्वजनिक भएको छैन । तर, यी दुई दस्ता भने गत १७ फागुनयता गठन भएको ठानिएको छ ।

नेपाल प्रहरीका पूर्वप्रहरी नायव महानिरीक्षक हेमन्त मल्ल कुनै पनि लडाकु दस्ता देशको राष्ट्रिय सुरक्षामा गम्भीर चुनौती हुने बताउँछन् । उनले यस्ता दस्तामाथि नियन्त्रण गर्नु सरकारको दायित्व हुने बताए । तर, कोशीमा देखिएको आन्दोलनप्रति ठूला राजनीतिक दलहरू जिम्मेवार हुनुपर्ने उनलाई लाग्छ । यदि, आन्दोलनलाई खेलाँची ठानिए आन्दोलनरत पक्षले दस्तालाई मजबुत बनाउँदै जाने र त्यसलाई नियन्त्रण गर्न मुस्किल पर्न सक्छ ।

उनी थप भन्छन्, 'शीर्ष नेताहरू आन्दोलनलाई व्यवस्थापन गर्नुको सट्टा भड्काउन लागेको देखिन्छ । यो राम्रो होइन ।'

एमाले अध्यक्ष ओली एक सातादेखि कोशी प्रदेशका जिल्लाहरूको दौडाहामा रहँदा पहिचान पक्षधरहरू उनीविरुद्ध उत्रिएका छन् । उनलाई कालो झण्डा देखाउँदै प्रदर्शन गरिरहेका छन् । तर, ओलीले पहिचान पक्षधर आन्दोलनकारीहरूलाई आतंककारी र आन्दोलनलाई आतंकको संज्ञा दिएका छन् । आन्दोलनकारीहरूलाई भड्काउने खालका अभिव्यक्ति लगातार दिँदै आएका छन् ।

शनिबार पाँचथरको फिदिम पुगेका ओलीले चुनौती दिँदै भने, 'दुई-चार जना केटा सडकमा उफ्रँदैमा (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## वैदेशिक रोजगार बचतपत्रमा लगानीको अवसर

### ११ प्रतिशत ब्याजदरमा पाँच वर्षका लागि निष्कासन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैरआवासीय नेपालीहरूलाई लक्षित गर्दै 'वैदेशिक रोजगार बचतपत्र, २०८० ' निष्कासन गर्ने भएको छ । राष्ट्र बैंकले ११ प्रतिशत ब्याजदरमा ९७ करोड ७५ लाख ७० हजार रूपैयाँ बराबरको वैदेशिक रोजगार बचतपत्र वैशाख १७ अर्थात् आजदेखि निष्कासन गर्न लागेको हो ।

पाँच वर्ष अवधिको वैदेशिक रोजगार बचतपत्र आजदेखि जेठ १७ गते (एक महिना) सम्म बिक्री खुला हुने राष्ट्र बैंकले जनाएको छ । बचतपत्र खरिद गर्न इच्छुक विदेशमा रहेका नेपालीहरूले १० हजार रूपैयाँ र बढीमा १० हजारले भाग गर्दा निःशेष हुने रकमका लागि आवेदन दिनसक्ने राष्ट्र बैंकले जनाएको छ । बैंकले निक्षेपको ब्याजदर घटेसँगै वैदेशिक रोजगार बचतपत्रको ब्याजदर पनि घटाएको छ । गत १४ फागुनमा निष्कासन गरेको ५० करोड रूपैयाँ बराबरको वैदेशिक रोजगार बचतपत्रमा

> बचतपत्र मुलुकबाहिर रोजगारीमा संलग्न वा मुलुकबाहिरको रोजगारीबाट फर्केको छ महिना नपुगेका नेपाली नागरिक वा गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारका सदस्यको नाममा खरिद गर्न सक्ने छन् ।

१२.५ प्रतिशत ब्याजदर दिएको राष्ट्र बैंकले अहिले ११ प्रतिशतमात्रै दिने उल्लेख गरेको छ ।

प्रत्येक छ/छ महिनामा प्राप्त हुने ब्याज बचतपत्र खरिदकर्ता आफैंले वा इच्छाएको व्यक्तिमार्फत भुक्तानी लिन सकिने र यसमा ब्याजकर लाग्ने राष्ट्र बैंकले प्रस्ट पारेको छ । बचतपत्र खरिदकर्तालाई धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने सुविधा दिइएको छ । बचतपत्र मुलुकबाहिर रोजगारीमा संलग्न वा मुलुकबाहिरको रोजगारीबाट फर्केको छ महिना नपुगेका नेपाली नागरिक वा गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारका सदस्यको नाममा खरिद गर्न सक्ने छन् ।

बचतपत्र खरिदका लागि राष्ट्र बैंकले अनलाइन प्रणालीमार्फत आवेदन पेस गर्न सक्ने व्यवस्था मिलाएको छ । स्टक वा प्रमिसरी नोटको रूपमा बचतपत्र खरिद गर्न सकिने हुँदा आफूले लिन चाहेको प्रमाणपत्रको किसिम आवेदन फाराममा नखुलाइए प्रमिसरी नोट प्रमाणपत्र उपलब्ध गराइने बताइएको छ ।

बचतपत्र खरिद गर्न चाहने आवेदनकर्ताले आफ्नो राहदानी, भिसाको प्रतिलिपि, विदेशी मुद्रामा खाता रहेको भए बचतपत्र खरिदमा प्रयोग भएको उक्त रकम, जम्मा वा खर्च भएको बैंकको भौचर, विदेशमा कार्यरत कम्पनीको म्याद ननाघेको आधिकारिक परिचयपत्रको प्रतिलिपि, पासपोर्ट साइजका दुईप्रति फोटो, परिवारका सदस्यका नाममा खरिद गर्ने भए उनीहरूको नागरिकता र नाता प्रमाणितको प्रतिलिपि, नाबालिगको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्छ ।

## अस्ट्रेलिया पठाउने भन्दै ठगी !

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको लागि अस्ट्रेलिया पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा अभियोगमा एक महिला पक्राउ परेकी छन् । पक्राउ पर्नेमा सुनसरीको धरान उपमहानगरपालिका-१३ घर भई हाल काठमाडौं लाजिम्पाट बस्ने २५ वर्षीया सयना श्रेष्ठ रहेकी छन् ।

श्रेष्ठलाई वैदेशिक रोजगारीका लागि अस्ट्रेलिया पठाइ प्रतिष्ठित कम्पनीमा मासिक तीन लाख रूपैयाँभन्दा बढी तलब हुने काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी अमृता गुरुङसँग पटक-पटक गरी ३० लाख रूपैयाँ लिई ठगी गरेको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरी टोलीले लाजिम्पाटबाट पक्राउ गरेको जनाइएको छ ।

पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभागले उनलाई पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । पक्राउ परेकी श्रेष्ठलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको पठाइएको प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए ।


## सिण्डिकेटविरुद्ध व्यवसायी

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार व्यवसायीहरूले विदेश जाने श्रमिकमाथि थोपरिने आर्थिक भार तथा व्यवसायविरुद्ध हुने कुनै पनि सिण्डिकेटको डटेर सामना गर्ने बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले राजधानीमा आयोजना गरेको छलफल कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रमा आबद्ध विभिन्न शुभेच्छुक, घटक, क्षेत्रीय संस्थाका प्रतिनिधि र सल्लाहकारहरूले उक्त कुरा बताएका हुन् ।

उनीहरूले कुनै पनि व्यवसायी तथा श्रमिकविरोधी गतिविधि गर्ने र सिण्डिकेट लागू गर्न खोज्नेविरुद्ध संघले चाल्ने कदममा पूर्णसहयोग गर्ने बताए । अप्रत्यक्षरूपमा केही स्वार्थ समूहले वैदेशिक रोजगारीको क्षेत्रमा सिण्डिकेट लागू गर्न खोजेको र त्यसको सशक्त प्रतिवाद गर्नुपर्ने अवस्था आएको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । उनले व्यवसायलाई प्रभावित पार्ने सम्भावित सिण्डिकेटका विरुद्ध सबै व्यवसायीलाई एकजुट हुन आग्रह गर्दै व्यवसाय र कामदार विरोधी गतिविधि स्वीकार्य नहुने भन्दै यसको अन्त्यका लागि जस्तोसुकै कदम चाल्न पछि नपर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

पछिल्लो समय दुबई र मलेसियामा सेक्युरिटी गार्ड पठाउन र उनीहरूलाई तालिममा दिन निश्चित संस्थाहरू छनोट गर्ने, साउदी अरेबियामा जाने कामदारहरूको पासपोर्टमा भिसा लगाउनका लागि कुनै एक कम्पनीमार्फत संकलन गर्ने हल्ला चलाइएका कारण व्यवसायीमाझ सिण्डिकेटको कुरा उठेको एक व्यवसायीले बताए । 'सीमित व्यवसायीलाई मात्रै लाभ पुग्नेगरी सिण्डिकेट लागू गरिन्छ भने त्यसविरुद्ध सबै व्यवसायी एक हुनुपर्छ,' उनले भने ।



**बसन्तपुर क्षेत्रको दृश्य** | काठमाडौंको न्युरोडबाट खिचिएको धार्मिक तथा पर्यटकीय स्थल बसन्तपुर क्षेत्रको दृश्य । *तस्बिरः मेघनाथ पहाडी/रासस*

# बाह्य विज्ञापनमा महानगरले लगायो रोक

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले सहरको सुन्दरता कायम गर्न र सर्वसाधारणलाई सुरक्षा दिन आफ्नो क्षेत्रभित्रका कुनै पनि स्थनमा बाहृय विज्ञापन नगर्न सम्बद्ध निकायलाई आग्रह गरेको छ ।

त्यस्तै सडक पेटी वा सार्वजनिक प्रयोगका संरचना, विद्युत् तथा टेलिफोनका खम्बा, सवारी आवागमनमा असर हुने गरी कुनै पनि ठाउँमा वाहृय विज्ञापन नगर्न कामपाले उल्लेख गरेको छ ।

गत चैत ३० गते प्रकाशन भएको स्थानीय राजपत्रमा समावेश 'कामपाको वाहृय विज्ञापन नियमन निर्देशिका-२०७९' मा यससम्बन्धी व्यवस्था गरिएको कामपाको सूचना अधिकारी वसन्त आचार्यले जानकारी दिए ।

उनका अनुसार निर्देशिकामा विज्ञापन गर्न निषेध, विज्ञापन गर्न नहुने, ग्राहृय नहुने विषय, निषेधित क्षेत्र घोषणा गर्न सक्ने, विज्ञापन बोर्ड, परिचय पाटी, नियमन समिति गठनलगायत व्यवस्था छन् । नियमन समितिको काम, कर्तव्य र अधिकार, विज्ञापन करसम्बन्धी व्यवस्था, स्थानान्तरणसम्बन्धी व्यवस्था, विज्ञापन कल्याण कोष सञ्चालन, वाहृय विज्ञापनका लागि अनुमति दिन नसकिने, विज्ञापन खारेज, वातावरणमैत्री विज्ञापनको प्रवर्द्धन, प्रोत्साहनलगायत प्रबन्ध छन् ।

निर्देशिकाको प्रतिकूल हुनेगरी निषेधित स्थानमा राखे एक लाख रूपैयाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था छ । कामपा क्षेत्रभित्र विज्ञापन गर्ने प्रयोजनका लागि कुनै पनि स्थानमा द्वार तथा स्टल निर्माण गर्ने, स्टिकर टाँस्ने, वाल पेन्टिङ, पोष्टरि, पम्प्लेटिङ, पर्चा वितरण, ब्यानर टाँस्ने माध्यमलाई अनुमति दिइने छैन ।

त्यस्तै संघीय र प्रदेश कानुनविपरीत हुने, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक, ऐतिहासिक स्थल, विश्व सम्पदा क्षेत्रमा सूचीकृत मौलिक संरचना वा संस्कृतिमा प्रतिकूल असर हुने विज्ञापन गर्न पाइँदैन । विज्ञापन राख्ने ठाउँ १२ फिटभन्दा कम उचाइमा रहेमा, नक्सापास नभएको संरचनामा, प्राविधिकरूपमा सबल नभएको भवनमा, बाहिरी रूपमा रङरोगन नगरिएको भवनमा, हेर्दा दुरुस्त नदेखिने भवनमा विज्ञापन बोर्ड राख्न पाइँदैन ।

पुरातात्त्विक महत्त्वका क्षेत्र, प्रशासनिक क्षेत्र, सम्पदा क्षेत्र, कूटनीतिक क्षेत्रमा र त्यसको १०० मिटरभित्रको दूरीमा बोर्ड राख्न पाइँदैन । प्रयोग गर्न निषेध गरेका वस्तु, पदार्थ तथा सेवा, कामपाको स्थानीय कानुनविपरीतका सेवा, संरचना र विषयवस्तुको विज्ञापन गर्न पाइँदैन । कानुनले अश्लील मानेका विषय, सामाजिकरूपमा भ्रम र विकृति फैलाउने, अन्धविश्वासलाई प्रोत्साहन गर्ने, चिकित्सकको सिफारिसमा मात्र बिक्री वितरण गर्नु पर्ने औषधिको विज्ञापन गर्न पाइँदैन ।

# प्रभावकारी नतिजा ल्याउन जुट्दै उपत्यकाका उपप्रमुखहरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकास्तरीय उपप्रमुख/उपाध्यक्ष सञ्जालको दोस्रो बैठक सम्पन्न भएको छ । पालिकाहरूको काम के कसरी भएका छन्, अझ प्रभावकारीरूपमा काम कसरी अगाडि बढाउन सकिन्छ, उपत्यकाभित्रका पालिकालाई कसरी अझ प्रभावकारी नतिजा ल्याउने भन्ने विषयमा छलफल गरिएको हो ।




बूढानीलकण्ठ नगरपालिकाको व्यवस्थापनमा शुक्रबार बेलुका भएको कार्यक्रममा बूढानीलकण्ठका योजना महाशाखा प्रमुख महेशप्रसाद पाठकले योजना अनुगमनसम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

उनले उपत्यकामा रहेका स्थानीय तहमा भएका असल अभ्यासलाई अर्को पालिकामा लागू गर्न पहल गर्नुपर्ने, एकअर्को स्थानीय तहको अवलोकन भ्रमण गरी कार्य प्रकृतिलाई एउटै ढाँचामा ल्याउनुपर्नेलगायतका विषयमा सबै पालिकाले ध्यान दिनुपर्ने बताए ।

'सांस्कृतिक उपत्यका : समृद्धिको बाटो' विषयमा स्नेह शाहीले कार्यपत्र प्रस्तुत गरेकी थिइन् । उनले पैदलयात्रुमैत्री सडक, रैथाने उत्पादनलाई ब्राण्डिङ तथा प्रवर्द्धन, फोहोर व्यवस्थापनलगायतका विषयमा सरकारले चासो दिनुपर्ने कुरामा जोड दिएकी थिइन् ।

कार्यपत्रमाथि टिप्पणी गर्दै दक्षिणकाली नपाकी उपप्रमुख वसन्ती तामाङ डंगोलले ग्रामीण भेग भएका कारण साना-साना काममा पनि स्थानीय खुसी हुने भन्दै ठूला विकासका योजनाभन्दा सानालाई नै जोड दिएको बताइन् । उनले फर्पिङलाई प्राकृतिक तथा सांस्कृतिक सहर बनाउन नगरपालिकाले विशेष योजना बनाएको बताइन् ।

भक्तपुरको सूर्यविनायक नगरपालिकी उपप्रमुख सरिता तिमिल्सिना भट्टराईले उपत्यकास्तरीयउपप्रमुख/उपाध्यक्षसञ्जालको बैठक प्रभावकारी भएको बताइन् । अन्य नगरका राम्रा काम सिक्न र कार्यान्वयन गर्नसमेत हौसला मिलेको उनको भनाइ थियो । उनले भनिन्, 'सबै जना एकै ठाउँमा बसेर छलफल गरेर काम अगाडि बढाउँदा धेरै कुरा जान्न, बुझ्न, सिक्न र कार्यान्वयन गर्न पनि सहज भएको छ, आगामी दिनमा अझ प्रभावकारीरूपमा काम गर्न हौसलासमेत भएको छ, चुनौतीलाई कसरी समाधान गर्ने र आगामी योजना बनाउनसमेत सहज भएको छ ।'

नागार्जुन नगरपालिकाकी उपप्रमुख सुशीला अधिकारीले बेरुजु न्यूनीकरण कसरी गर्ने सम्बन्धमा कार्ययोजना बनाएर काम गर्न आवश्यक रहेको धारणा राखिन् । गोदावरी नगरपालिकाकी उपप्रमुख मुना अधिकारीले नगरमा बेरुजु धेरै आएको भन्दै यसलाई कम गर्न समाधानका उपायबारे सोच्नुपर्ने धारणा राखिन् ।

कीर्तिपुर नगरपालिकाकी उपप्रमुख शुभलक्ष्मी शाक्यले एउटै कामलाई तीन पटकसम्म अनुगमन गर्नुपर्ने बताइन् । उनले कतिपय योजनासम्बन्धी कार्यविधि नगरमा नहुँदा स्थानीय तहले समस्या भोग्नुपरेको बताइन् ।

बूढानीलकण्ठ नगरपालिकाकी उपप्रमुख अनिता लामाले बूढानीलकण्ठले गरेका असल अभ्यास सम्पूर्णमा जानकारी गराएको बताइन् । विज्ञको कार्यपत्र प्रस्तुतिबाट मूल्यांकन गरेर अनुशरण गर्नुपर्ने धारणा राखिन् । उपप्रमुख लामाले उपत्यका सांस्कृतिक सम्पदा भएको सहर भएकाले यसलाई सही ढंगले व्यवस्थित सम्पदा सम्वर्द्धन र प्रवर्द्धन गर्न सञ्जालको प्रतिबद्धता रहेको बताइन् ।

उनले आगामी तेस्रो बैठक भक्तपुरको सूर्यविनायक नगरपालिकामा हुने सञ्जालको निर्णय रहेको बताइन् । उनले सो बैठकमा नीति, कार्ययोजना तथा कार्यान्वयन कसरी गराउने भन्ने विषयमा बैठक बस्ने निर्णय भएको जानकारी दिइन् ।

# 'सिकलसेल एनिमियाका बारेमा राष्ट्र संघले सोच्नुपर्छ'



**काठमाडौं (प्रस)–** आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापा मगरले नेपालका आदिवासी थारु समुदायमा देखिएको 'सिकलसेल एनिमिया' रोगका बारेमा संयुक्त राष्ट्रसंघको ध्यान जानुपर्ने बताएका छन् ।

संयुक्त राष्ट्रसंघको मुख्यालय न्युयोर्कमा आयोजित आदिवासी मामिलासम्बन्धी संयुक्त राष्ट्रको स्थायी मञ्चको २२ औं अधिवेशनलाई सम्बोधन गर्दै उनले विश्वका आदिवासी समुदाय प्रभावित भएजस्तै नेपालका थारु समुदाय सिकलसेल एनिमियाबाट प्रभावित रहेको भन्दै राष्ट्रसंघको स्थायी मञ्चले यस विषयमा सोच्नुपर्ने बताएका हुन् ।

अध्यक्ष मगरले पर्याप्त स्रोतसाधनको अभावमा आदिवासी जनजातिको अधिकारलाई व्यवहारमा उतार्न चुनौती सामना गर्नुपरेको धारणा राखेका थिए । आदिवासीको ज्ञान प्रणाली दिगो विकास एकअर्कामा जोडिएको भन्दै उनले आदिवासी ज्ञान र सीपको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

नेपाल अन्तर्राष्ट्रिय श्रम संगठनको पक्ष राष्ट्र रहेको भन्दै महासन्धि नम्बर १६९ अनुरूप संयुक्त राष्ट्रसंघद्वारा घोषित आदिवासीको अधिकारको प्रवर्द्धन र रक्षा गर्न प्रतिबद्ध रहेको बताए ।

# सात महिनासम्म न राहत न त पुनर्वास

**मुगु–** यहाँका बाढीपहिरो पीडित परिवारले सात महिनासम्म सरकारी निकायबाट राहत तथा पुनर्वास नहुँदा सास्ती भोगेका छन् । बाढीपहिरोबाट छायाँनाथ रारा नगरपालिकास्थित सालिम गाउँका आठ जनाको ज्यान गएको थियो ।

बाढीपहिरोबाट सालिम गाउँका ५६ परिवार त्रिपाल र आफन्तको घरगोठमा बस्दै आएको सात महिना बितेको छ । गत असोज १९ देखि २३ गतेसम्मको भीषण बाढीपहिरोले जिल्लाभरि २३६ परिवार पूर्णरूपमा विस्थापित भएका थिए ।

एक सय ८८ परिवारको घर आंशिक क्षति भएको थियो । तीन सय ९९ परिवार बाढीपहिरोबाट उच्च जोखिममा रहेको जिल्ला दैवी प्रकोप उद्धार समितिले जनाएको छ । घर पूर्णरूपमा क्षति भएका २३६ परिवार खुला चौरमा त्रिपाल टाँगेर हिमालको चिसो कटाउन बाध्य छन । 'कठ्यांग्रिँदो चिसोमा त्रिपालमुनि सुतेर समय कटायौं,' छायाँनाथ रारा नगरपालिकास्थित झयारी गाउँका बाढीपीडित दलसिंह रावलले भने, 'सात महिनासम्म सरकारले न पुर्नवासको व्यवस्था गऱ्यो न राहतको नै ।' स्थानीय सुकिल्ली रावलले अर्को वर्षात्सम्म आफूहरूले फेरि त्रिपालमै बस्नुपर्ने अवस्था आएको बताइन् । 'बस्ने घर छैन, न त खाने अन्न छ न खेतबारी,' उनले भने, 'सधैँ यसरी कसरी जीवन बिताउने ?'

असोजदेखि झयारी गाउँका १४१ बाढीपीडित परिवार बाम्नीचौरमा त्रिपालमा बस्दै आएका छन् । 'त्रिपालमा बाढीपीडितको अवस्था कष्टकर छ,' वडाध्यक्ष कर्ण रावलले भने, 'उनीहरूको पुनःस्थापनाका लागि ठूलो रकम लाग्ने भएकाले स्थानीय सरकार र वडाले गर्नसक्ने केही छैन, प्रदेश र संघीय सरकारलाई बारम्बार अनुरोध गरे पनि बेवास्ता गरिरहेका छन् ।' उनका अनुसार बाढीपहिरोले सिँचाइ कुलो तहसनहस पारेपछि स्थानीयलाई धानको ब्याड राख्न र सिँचाइ गर्न समस्या भएको छ ।

धानको ब्याड राख्ने मौसम सुरु हुन थाले पनि अझै कुलो नबनेको खत्याड गाउँपालिकाका रामबहादुर रावतले बताए । 'कुलो नबनाउँदासम्म कसरी खेतीपाती गर्ने ?,' उनले भने, 'सरकारले केही रकम देला र जग्गा सुधार गरौंला भन्दाभन्दै लामो समय बितेको छ, धान रोप्ने जग्गा बगरजस्तै बनेको छ, न घर बन्यो न खेतीपाती गर्ने जग्गा नै राम्रा छन् ।'

जिल्लाका चारवटै स्थानीय तहले बाढी पहिरोपीडित परिवारको लगत संकलन कार्यमा ढिलाइ गर्दा राहत तथा पुनर्वासमा समस्या भएको सहायक प्रमुख जिल्ला अधिकारी खड्क रोकायाले बताए । 'राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले लगतको विवरणको प्रतिक्षा गरिरहेको छ,' उनले भने, 'तर, स्थानीय तहलाई बारम्बार भनिरहेका छौं, काम गर्दै छौं भन्छन् ।' इन्द्रेणी समूहले मुगुको बाढीपीडितका लागि करिब २४ लाख रूपैयाँ नगद राहत उपलब्ध गराएको छ । उनीहरू सरकारी राहतबाट अझै पनि वञ्चित छन् । *रासस*

# काठमाडौंमा मध्यम वर्षा, अझै तीन दिन पानी पर्ने

**काठमाडौं–** काठमाडौं उपत्यकामा शनिबार मध्यम वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले काठमाडौं उपत्यकामा ३१ मिलिमिटर वर्षा मापन गरिएको जनाएको छ । शनिबार पोखरामा २३.२ मिलिमिटर, ताप्लेजुङमा २२ र लुम्लेमा १९ मिलिमिटर वर्षा भएको छ । महाशाखाका अनुसार ५० मिलिमिटर मध्यम र ५० मिलिमिटरभन्दा माथिको वर्षालाई भारी वर्षा भनिन्छ ।

देशका विभिन्न स्थानमा मेघगर्जन र चटचाङसहित वर्षा भएको महाशाखाका मौसमविद् गंगा नगरकोटीले जानकारी दिए । उनले भने, 'देशका केही स्थानमा शनिबार वर्षा भएको छ भने काठमाडौं उपत्यका, पोखरा ताप्लेजुङलगायत क्षेत्रमा धेरै वर्षा भएको छ ।'

काठमाडौंमा भारी वर्षासँगै सिंहदरबार वरिपरि न्युप्लाजा, पुतलीसडक, जमललगायत क्षेत्रको सडक जलमग्न भएको थियो । निरन्तरको वर्षाले सवारी आवागमनमासमेत केही व्यावधान भयो भने गन्तव्यमा पुग्ने सर्वसाधारणले सास्ती व्यहोर्नुपरेको थियो ।

**अझै तीन दिन वर्षा**

स्थानीय वायुसँगै पश्चिमी वायुको प्रभावले काठमाडौं उपत्यकासहित देशका पहाडी भेगमा वर्षा भएको महाशाखाले उल्लेख गरेको छ । अझै तीन दिन वर्षाको सम्भावना रहेको मौसमविद् नगरकोटीले बताए ।

'पश्चिमी वायुको प्रभावसँगै स्थानीय वायुको समीश्रणले वर्षा गराएको छ । रातिको समयमा दिउँसोको भन्दा सिस्टम कमजोर हुने भएकाले वर्षा कम हुन्छ । भोलि र पर्सि पनि वर्षाको सम्भावना छ,' उनले भने । प्रि-मनसुन पनि सक्रिय रहेकाले मेघगर्जन/चटचाङसहित वर्षा भएको र यो क्रम केही दिन जारी रहने मौसमविद् नगरकोटीको भनाइ छ ।

आज आइतबार देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भू-भागका केही स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कोशी प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा हावाहुरीको सम्भावना रहेको पनि महाशाखाले जनाएको छ । *रासस*

## सापटी असुल्न...

पृष्ठ १ बाट जारी

कार्यालय तनहुँले जिल्ला अदालत तनहुँमा गरेको अभियोजनअनुसार शान्ति भने तनहुँको थर्पु जान तयार थिइनन् । उनले भनेकी थिइन्, 'आज अँध्यारो भयो । भोलि जाउँला ।'

प्रकाशले जाउँ भन्दै ढिपी गरे । कारण, यदि पैसा दिइनन् भने सुनका मुन्द्रा लुट्ने । प्रकाशको ढिपीले शान्ति थर्पु जान तयार भइन् । दुवै जना अमरसिंह चोकबाट गाढी चढे । तनहुँको मनहरिमा ओर्लिए । त्यसबेला शान्तिले भनिन्, 'मैले पैसा लिन जानुपर्ने मान्छेको घर भुलें । मोबाइल नम्बर पनि थाहा छैन ।'

शान्तिले झुक्याएको महसुस भयो प्रकाशलाई । प्रकाशकै शब्दमा भन्दा त्यसपछि उनलाई शारीरिक सम्बन्ध राख्ने इच्छा भयो । मनहरिकै एउटा खाली गोठमा उनीहरूबीच सम्बन्ध भयो । उक्त घटनाक्रमबारे सरकारी वकिल कार्यालयले अदालतमा शुक्रबार बुझाएको प्रतिवेदनमा छ, 'तिमीले मलाई पैसा दिने भइनौं । सुन डिक राखेर भए पनि पैसा दिए हुने ।'

शान्ति चित्त दुखाउँदै झर्किइन्, 'तिमीले भनेको बेला मैले शारीरिक सम्बन्ध राख्न दिनुपर्ने । अनि, जाबो १० हजार रूपैयाँका लागि मेरो गहनामा आँखा लगाउँछौं ?'

रिसाएका प्रकाश शान्तिको फोन खोसेर गोठदेखि केही तलको पानी टयांकीतिर गए । त्यसबेला रातको करिब ८:५० भएको थियो । शान्तिले झन् रिसाउँदै भनिन्, 'मेरो फोन दे । नत्र तँलाई करणीको केस लगाइदिन्छु ।'

प्रकाश पनि के कम ! 'मेरै पैसा लाने अनि मलाई नै करणीमा केस लगाउने ?' आवेगमा आइहाले । नजिकै टयांकीको ढकनमा रहेको प्लास्टिकलाई थिचेको इँटा लिएर शान्तिको टाउकोमा ढयाम्मै हाने । चार पटकको प्रहारपछि शान्ति रन्थनिँदै भुइँमा ढलिन् । घटनास्थलमै उनको मृत्यु भयो । शान्तिको कानमा रहेको सुनको एक जोर रिङ, सुनका पाँच जोर मुन्द्रा र ब्यागमा रहेको दुई हजार २०० रूपैयाँ झिके । त्यसपछि शवलाई पानीको टयांकीमा फालिदिए । यो घटना गत २१ फागुनको हो । घटनाको चार दिनपछि भने पहिले पनि कर्तव्य ज्यान मुद्दामा कारागारमा रहँदा चिनजान भएका पोखराकै रविकुमार गहतराजको दोकान गए । त्यहाँ ६० हजार रूपैयाँमा सुन बिक्री गरे । जेठानी दिदी मीनाकुमारी नेपालीलाई दिन बाँकी २० हजार रूपैयाँ फिर्ता गरे ।

**जब पानी गन्हायो...**

मनहरिमा दुई लाख २५ हजार क्षमताको खानेपानीको टयांकी छ । स्थानीय ऋषिनारायण कायस्थका अनुसार यही टयांकीमा जम्मा भएको पानी गाउँका १३८ घरपरिवारले खान्छन् ।

गत ९ चैततिरदेखि पानी अलिअलि गन्हायो । १० र ११ गते अझै गन्हायो । १२ गते गाउँलेहरू पानी टयांकी पुगे । ढकन खोलेर हेर्दा सडेगलेको अवस्थामा महिलाको शव फेला पऱ्यो । शवमा कीरा परेको देखियो । त्यसपछि गाउँलेले प्रहरीलाई जानकारी दिए । प्रहरीले घटनाको अनुसन्धान थाल्यो । १३ चैतमा शान्तिका २० वर्षीय छोरा मनिषले प्रकाशविरुद्ध कर्तव्य ज्यान मुद्दामा किटानी जाहेरी दिए ।

सोही जाहेरीका आधारमा प्रकाश १५ चैतमा तनहुँको थप्रेकबाट पक्राउ परे । जिल्ला न्यायाधिवक्ता गोविन्द उपाध्यायले जिल्ला अदालत तनहुँमा प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा गरेको अभियोजनमा प्रकाशले घटना आफैंले गरेको स्वीकारेका छन् । उनीविरुद्ध कर्तव्य ज्यान, लुटपाट र पानी दूषित गरेको अभियोगमा मुद्दा अदालतमा दर्ता भएको छ ।

## कोशीमा...

पृष्ठ १ बाट जारी

प्रदेशको पुनःनामकरण हुँदैन, सक्छौ भने जनताको मन जितेर दुई तिहाइ मतसहित संसद् छिरेर संशोधन गरेर देखाओ ।'

पहिचान पक्षधरहरू १७ फागुनदेखि लगातार आन्दोलनमा छन् । उनीहरूले पदम लिम्बु (लाजेहाङ)लाई गुमाएका छन् । केही आन्दोलनकारी घाइते छन् । केहीलाई भने प्रहरीले नियन्त्रणमा लिएको छ । आन्दोलनमै रहेकी एक जना नेतृ निरन्ती तुम्बापोले प्रहरीले शान्तिपूर्ण आन्दोलनलाई दमन गर्दै आएको बताएकी छन् ।

यसबीच तिनै पहिचान पक्षधर आन्दोलनकारीहरूले लडाकु दस्ता गठन गरेको विवरणहरू सार्वजनिक भएको हो । उनीहरू सशस्त्र हुन्छन् कि हुँदैनन् ? त्यो खुलेको छैन ।

यसअघि नेकपा माओवादी पनि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासँग ४० बुँदे माग राखेर सशस्त्र दस्ताको रूपमा जनमुक्ति सेना गठन गर्दै युद्धमा गएको थियो । त्यसरी नै लिम्बुवान भोलेन्टियर्स, किरात फोर्स र काङ्सोरे फोर्स पनि युद्धमा गए कोशीले देशको राष्ट्रिय सुरक्षामा गम्भीर खलल पुऱ्याउने विश्लेषण हुँदै आएको छ ।



**गहुँबाली काट्दै किसान** | टोखा नगरपालिका–२ ट ोखा चण्डेश्वरीमा स्थानीय किसान खेतमा गहुँबाली काट्दै । *तस्बिरः हरिराम भेटुवाल/रासस*

### संसदीय समितिमा सांसदको नाम अनुमोदन

# संसद्को कुन समितिमा को–को ?

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रतिनिधिसभाको शुक्रबारको बैठकले विषयगत १० समितिमा रहने सांसदको नाम अनुमोदन गरेको छ । सभामुख देवराज घिमिरेले राखेको उक्त प्रस्तावलाई बैठकको सर्वसम्मतिले मनुमोदन गरेको हो ।

अनुमोदन गरिएका नामहरूमा अर्थ समितिमा अञ्जनी श्रेष्ठ, अम्मरबहादुर रायमाझी, गंगा कार्की, छिरिङ डम्डुल लामा (भोटे), जुलीकुमारी महतो (महासेठ), दीपक खड्का, दीपक बोहरा, नारायणप्रसाद आचार्य, नारायणी शर्मा, पदम गिरी, पूर्णबहादुर तामाङ, भगवती चौधरी, मुक्ताकुमारी यादव रहेका छन् ।

समितिको सदस्यमा मेटमणि चौधरी, रणकुमारी बलम्पाकी मगर, रामनाथ अधिकारी, विनोदकुमार चौधरी, विराजभक्त श्रेष्ठ, वीरेन्द्रप्रसाद महतो, विष्णुप्रसाद पौडेल, सन्तोष चालिसे, स्वर्णिम वाग्ले, सूर्यबहादुर थापा क्षेत्री, ज्ञानबहादुर शाही र ज्ञानेन्द्रबहादुर कार्की छन् ।

अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा उदयशम्शेर जबरा, एकनाथ ढकाल, केपी शर्मा ओली, गंगाराम चौधरी, छिरिङल्हामु लामा (तामाङ), दामोदर पौडेल वैरागी, देवीप्रकाश भट्टचन, धवलशमशेर जंगबहादुर राणा, नागिना यादव, नारायण खड्का, पशुपतिशमशेर जबरा, प्रकाशमान सिंह, प्रभु साह, प्रेम सुवाल रहेका छन् ।

उक्त समितिको सदस्यमा वर्षमान पुन, भीमप्रसाद आचार्य, महन्थ ठाकुर, माधवकुमार नेपाल, मोहन आचार्य, राजकिशोर यादव, विमलेन्द्र निधी, शिशिर खनाल, शेखर कोइराला, सम्झना थपलिया, सुनिता बराल, संगीता मण्डल धानुक र हरिप्रसाद उप्रेती छन् ।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा अनिशा नेपाली, अब्दुल खान, अम्मरबहादुर थापा, अमृतलाल राजवंशी, अशोककुमार चौधरी, डा. आरजु राणा, कुसुमदेवी थापा, गंगाप्रसाद यादव, ज्वालाकुमारी साह, डिल्लीराज पन्त, दिक्पालकुमार शाही, नवलकिसोर साह, विनाकुमारी थनेत रहेका छन् ।

उक्त समितिको सदस्यमा विनिता कठायत, विमला सुवेदी, मानवीर राई, मिना तामाङ, योगेन्द्र मण्डल, रूपा विक, विजुला रायमाझी, वीरबहादुर बलायर, विष्णुकुमार कार्की, सरस्वती सुब्बा, सुरेन्द्रराज आचार्य, सूर्यकुमारी श्रेष्ठ र सूर्यप्रसाद ढकाल रहेका छन् ।

कानुन, न्याय तथा मानवअधिकार समिति किरणकुमार साह, गोमा लाभ (सापकोटा), चन्द्रबहादुर विश्वकर्मा, जीवन परियार, धुव्रबहादुर प्रधान, नैनकला थापा, पुष्पबहादुर शाह, पूर्णबहादुर घर्तीमगर, प्रतिक्षा तिवारी, महेशकुमार वर्तौला, मंगलप्रसाद गुप्ता, रञ्जुकुमारी झा, रमेश लेखक, रामकुमार राई रहेका छन् । त्यस्तै, उक्त समितिको सदस्यमा रामहरि खतिवडा, रूपा चौधरी, डा. शशांक कोइराला, डा. सुनीलकुमार शर्मा, शेरबहादुर कुँवर, शेरबहादुर देउवा, सन्तोष परियार, सुवासचन्द्र नेम्वाङ, सुशीला थिङ र सोविता गौतम छन् ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा अमृतादेवी अग्रहरि, असिम शाह, कान्तिका सेजुवाल, किशोरसिंह राठोर, कृष्णकुमार श्रेष्ठ, गणेश पराजुली, गीता बस्नेत, डोलप्रसाद अर्याल, दुर्लभ थापा क्षेत्री, मनबहादुर गुरुङ, महेन्द्रबहादुर शाही, मोहनबहादुर बस्नेत, रघुवीर महासेठ र रणेन्द्र वराली रहेका छन् ।

समितिका सदस्यमा रमा कोइराला पौडयाल, राजु थापा, रामशंकर यादव, रेखा यादव, लक्ष्मी महतो कोइरी, लालप्रसाद साँवा लिम्बू, सपना राजभण्डारी, शान्ति चौधरी, सीता मिजार, सूर्यमान तामाङ (दोङ°), सोनू मुर्मु र हेमराज राई छन् ।

महिला तथा सामाजिक मामिला समिति अनिता देवी, अस्माकुमारी चौधरी, आशा विक, ईश्वरबहादुर रिजाल, उमरावती देवी, कल्पना मियाँ, चन्दा चौधरी, जावेदा खातुन जागा, टोपबहादुर रायमाझी, धनराज गुरुङ, विना देवी, माया राई, मंज शर्मा अन्सारी रहेका छन् । समितिको सदस्यहरूमा रोषण कार्की, लक्ष्मी तिवारी, शान्ति विक, शान्ति श्रेष्ठ, शोभा ज्ञवाली, सरस्वती बजिमय, सीताकुमारी राना, हर्कमाया विश्वकर्मा र हितबहादुर तामाङ रहेका छन् ।

राज्य व्यवस्था तथा सुशासन समितिमा अजयकुमार चौरसिया, अम्बिका बस्नेत, ईश्वरीदेवी न्यौपाने, कृष्णगोपाल श्रेष्ठ, गगनकुमार थापा, चन्दा कार्की (भण्डारी) चित्रबहादुर केसी, दिलेन्द्रप्रसाद बडू, दुर्गा राई, पृथ्वी सुब्बा गुरुङ, प्रकाश अधिकारी, बलराम अधिकारी, वासुदेव घिमिरे रहेका छन् ।

सदस्यहरूमा बुद्धिमान तामाङ, मेनकाकुमारी पोखेरेल, रघुजी पन्त, रवि लामिछाने, राजेन्द्रकुमार राई, राजेन्द्रप्रसाद पाण्डे, लिलानाथ श्रेष्ठ, विश्वप्रकाश शर्मा, सर्वेन्द्रनाथ शुक्ला, सरिता प्रसाईं, हितराज पाण्डे र हृदयराम थानी रहेका छन् ।

पूर्वाधार विकास समितिमा उर्मिला माझी, ऐनबहादुर शाही ठकुरी, कल्पना चौधरी, खमबहादुर गर्बुजा, गोकर्णराज विष्ट, चन्द्रकान्त राउत, ठाकुरप्रसाद गैरे, दयाल बहादुर शाही, दिनेशकुमार यादव, दीपकबहादुर सिंह, धनबहादुर बुढा, निर्मला कोइराला, निशा डागी, प्रतिमा गौतम र प्रदीप पौडेल रहेका छन् ।

समितिको सदस्यहरूमा प्रेमबहादुर महर्जन, वसन्तकुमार नेम्वाङ, महेश बस्नेत, माधव सापकोटा, मैना कार्की, राजकुमार गुप्ता, राजेन्द्र बजगाई, लालबिर चौधरी, बिना लामा, शिव नेपाली, शंकर भण्डारी र सुशीला श्रेष्ठ रहेका छन् । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा अरुणकुमार चौधरी, ईश्वरी घर्ती, उर्मिला देवी, कालुराम राई, डा. चन्द्रकान्त भण्डारी, सुनीलाल विश्वकर्मा, डिंगबहादुर लिम्बू, डा. तोसिमा कार्की, दीपा शर्मा, दीपक कार्की, देवेन्द्र पौडेल, प्रभु हजरा दुसाध, बद्रीप्रसाद पाण्डे रहेका छन् ।

उक्त समितिको सदस्यहरूमा भानुभक्त जोशी, मनोरमा शेरचन, महेन्द्रकुमार राय, मिना यादव, योगेश गौचन थकाली, रामप्रकाश चौधरी, लिलादेवी बोखिम (लिम्बू), विद्या भट्टराई, विनिताकुमारी सिंह, वीना जैसवाल, सरिता भुसाल, सुमना श्रेष्ठ र ज्ञानु बस्नेत सुवेदी छन् ।

सार्वजनिक लेखा समितिमा अच्युतप्रसाद मैनाली, डा अमरेशकुमार सिंह, अर्जुननरसिंह केसी, ऋषिकेश पोखरेल, गोकुलप्रसाद बाँस्कोटा, जनार्दन शर्मा, तारालामा तामाङ, तेजुलाल चौधरी, दामोदर भण्डारी, दिपक गिरी, देवप्रसाद तिमलसेना, प्रदिप यादव, प्रेमबहादुर आले, मञ्जु खाण र मनिष झा रहेका छन् । समितिका सदस्यहरूमा योगेशकुमार भट्टराई, राजेन्द्रकुमार केसी, राजेन्द्रप्रसाद लिंदेन, रामकृष्ण यादव, रुक्मणि राना बराइली, लेखनाथ दाहाल, विक्रम पाण्डे, श्यामकुमार घिमिरे, सराज अहमद फारुकी, सञ्जयकुमार गौतम र हरि ढकाल छन् ।

# समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयन नगराउन चलखेल

### स्वार्थ समूहको पक्षमा निर्णय गर्दै विज्ञापन बोर्ड




■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारी विज्ञापन समानुपातिक रूपमा वितरण गर्ने प्रक्रिया रोक्न फेरि चलखेल भइरहेको पाइएको छ । विज्ञापन बोर्डका पदाधिकारीलाई प्रभावमा पारेर उक्त प्रक्रिया रोक्न स्वार्थ समूह सक्रिय बनेको हो । निश्चित सञ्चार गृह र विज्ञापन एजेन्सीहरूको नियन्त्रणमा सरकारी विज्ञापन राख्ने उद्देश्यले उक्त समूह सक्रिय रहँदै आएको छ । जसकारण सरकारले 'सूचना तथा विज्ञापनको समानुपातिक वितरण प्रणालीसम्बन्धी निर्देशिका, २०६९' जारी गरेको ११ वर्ष बित्दासम्म यो कार्यान्वयनमा आएको छैन ।

सर्वोच्च अदालतले पटक-पटक उक्त निर्देशिका कार्यान्वयन गर्न दिएको आदेश कार्यान्वयन गर्न विज्ञापन बोर्डले आलटाल गर्दै आएको छ । स्रोतका अनुसार पछिल्लो समय उक्त समूह र बोर्ड पदाधिकारीको मिलेमतोमा निर्देशिका कार्यान्वयन नहुने अवस्था सिर्जना भएको छ । बोर्डले निर्देशिका कार्यान्वयन गर्न भन्दै नियमावली तयार पारेर सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाए पनि उक्त समूह त्यसलाई रोक्न थप सक्रिय बनेको हो । बोर्ड पदाधिकारी पनि उनीहरूकै स्वार्थअनुकूल निर्णय गर्ने तयारीमा लागेको स्रोतको भनाइ छ ।

'विज्ञापन वोर्ड गठनको उद्देश्य सबै सरकारी विज्ञापन एकै ठाउँमा ल्याएर सञ्चार माध्यमहरूलाई समानुपातिक ढंगले वितरण गर्ने, त्यसको भुक्तानी दिने र बिलको तीन प्रतिशत कमिसन लिएर बोर्ड सञ्चालन गर्नु हो,' स्रोतले भन्यो, 'तर, अहिले विज्ञापन बोर्ड त्यसको ठीक उल्टो बाटोमा लागेको छ । यसअघि सूचना विभागले दिँदै आएको लोक कल्याणकारी विज्ञापन वितरण गरेर त्यसमा कमिसन खाएर फेरि पनि निर्देशिका कार्यान्वयन हुन अवरोध सिर्जना गर्नेहरूकै पक्षमा लबिइङ गरिरहेको छ ।'

बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले भने उक्त आरोप अस्वीकार गरेका छन् । उनले समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयनका लागि नियमावली मन्त्रालयमा पठाइसकेको बताए । 'ऐनले नै तोकेको कुरा हामीले कसरी रोक्न मिल्छ ? नियमावली बनाएर दुई महिनाअघि नै हामीले मन्त्रालय पठाइसकेका छौं । मन्त्रालयले चाहचो भने एक हप्तामै पास गर्न सक्छ,' उनले भने ।

त्यसो त ११ वर्षअघि सरकारले समानुपतिक विज्ञापन प्रणाली लागू गर्न गृहकार्य गरेपछि त्यसलाई रोक्न ठूलो प्रयास भएको थियो । सरकारले जारी गरेको निर्देशिका खारेजीको माग गर्दै विभिन्न विज्ञापन एजेन्सीसहित तेजबहादुर कटुवालले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए । की एडभरटाइजिङ, भेराइटी कन्सल्टिङ नेटवर्क, कम्युनिकेशन डेभलपमेण्ट ग्रुप, नेपाल विज्ञापन संघ, मल्टि नेसनल एडभरटाइजर्स, एसपी मिडिया, एय एक्सप्रेससमेत कटवालले निर्देशिका खारेजीको माग गर्दै दर्ता गरेको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालय र सूचना विभागलाई विपक्षी बनाइएको थियो । सर्वोच्च अदालतका न्यायाधीशद्वय डा.आनन्दमोहन भट्टराई र अनिलकुमार शिन्हाको संयुक्त इजलासले २०७३ साउन २६ गते उक्त रिट निवेदन खारेज गरिदियो । त्यसपछि सरकारले जारी गरेको निर्देशिका कार्यान्वयन गर्न बाटो खुलेको थियो ।

यसअघि २०६९ फागुन २० गते सर्वोच्च अदालतका न्यायाधीश गिरिशचन्द्र लालको एकल इजलासले सो सम्बन्धमा छलफल भई निष्कर्षमा नपुगेसम्मका लागि उल्लिखित निर्देशिका कार्यान्वयन नगर्नू, नगराउनू भनी विपक्षीका नाममा तत्कालीन अन्तरिम आदेश जारी गरेको थियो । प्रधानमन्त्री डा. बाबुराम भट्टराईको सरकारले २०६९ चैत १ गतेदेखि उक्त निर्देशिका लागू गरेको थियो ।

सरकारी विज्ञापन प्रकाशन/प्रसारणमा व्यापक अनियमितता भएको पाइएपछि सरकारले त्यसलाई नियमन गर्न निर्देशिका जारी गरेको थियो । त्यसलाई कार्यान्वयन हुन नदिन निश्चित व्यक्तिहरूको रिट निवेदन परे पनि त्यसका पछाडि ठूलो शक्ति लागेको थियो । अहिले वार्षिक पाँच अर्ब रूपैयाँभन्दा बढीको सरकारी विज्ञापन हुने गरेको तथ्यांक छ । यसमा करिब ८० प्रतिशत रकम घोटाला हुने गरेको जानकारहरू बताउँछन् ।

# मिटरब्याजीलाई कानुनको दायरामा ल्याइन्छ : गृहमन्त्री

**सर्लाही (प्रस)–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले गरिबलाई दुःख दिने मिटरब्याजीलाई कानुनको दायरामा ल्याउन सरकार सक्रियतापूर्वक लागिपरेको बताएका छन् । शनिबार सर्लाहीको बागमती नगरपालिका-११ स्थित नमूना पहरीबस्ती हस्तान्तरण कार्यक्रममा मन्त्री श्रेष्ठले राजनीतिक पहुँचका भरमा कुनै पनि मिटरब्याजीलाई उन्मुक्ति नदिने बताए । उनले थपे, 'भ्रष्टाचार नियन्त्रणका लागि वर्तमान सरकार शून्य सहनशीलताको सिद्धान्तमा अघि बढेको छ ।'

बागमती नगरपालिका-११ स्थित चुरे पर्वतको फेदीमा लोपोन्मुख जाति पहरी परिवारका लागि एक करोड ५३ लाख रूपैयाँ निर्माण गरिएको १३ बेग्लाबेग्लै पक्की घरको साँचो ज्येष्ठ नागरिक ठूलीमाया पहरीलाई मन्त्री श्रेष्ठले हस्तान्तरण गरे । बागमती नदी किनारमा असुरक्षित स्याउले घरमा बसोबास गरिरहेका पहरी जातिका सर्लाहीमा कूल ७० जना व्यक्ति सो घरमा बसोबास गर्ने बागमती नगरपालिकाका प्रमुख भरतकुमार थापाले बताए ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०१/१० गते निम्न विवरणको F25FRIRR, Yamaha M.India को Navy Blue Color को मोटरसाइकल काठमाडौं जिल्ला गङ्गाघर करीडोरबाट हराएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**धनीको नाम : विजय तिमल्सिना**
**बाइक नं.: बा.प्र -०२-०३८ प ४५७६**
**च्यासिस नं.:** MEIRG4456N009582
**इन्जिन नं. :** G3J3E580708
**ठेगाना: काठमाडौं**
**मो.नं.९८२३०७३०७०, ९८४३३४७१३७**

**Publice Notice**

No.9424887 (L) L./**HAV RAJU TAMANG** of 2/11 gorkha rifles (shingo) this is to authenicate that his daughter **SARAH TAMANG** date is date of birth was misteke 25-01-2011. Her actual date of birth **28-12-2010.**





No. 9424887 (L)L./HAV **RAJU TAMANG** of 2/11 gorkha rifles (shingo). This is to authenicate that his wife **SANGITA TAMANG** date of birth was mistake (01-01-2045), 13-0-1988. Her actual date of birth **(26-03-2050), 10-07-1993.**

**वागमती प्रदेश सरकार**
**पर्यटन उद्योग तथा सहकारी मन्त्रालय**
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय, नुवाकोट**
**वोलपत्र स्वीकृत गर्ने आशयको सुचना**
***(सुचना प्रकाशन मितिः २०८०/०१/१७ गते)***

यस कार्यालयवाट मिति २०७९/१२/०९ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना नं. ०१/०७९/०८० को सुचना बमोजिम सिप विकास तालिम हल निर्माण कार्यको लागि वोलपत्र आव्हान भई रितपुर्वक पेश हुन आएका वोलपत्रको मुल्याङकन समितिवाट छनौटका लागि सिफारिस भई आए अनुसार तपसिल बमोजिमको वोलपत्र सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित वोलपत्र दाता तथा अन्य वोलपत्र दाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| S.N. | Discription of Work | Contract No. | Name & Address of Selected Bidder | Amount (With VAT and PS) |
|---|---|---|---|---|
| 1.0 | Construction of Skill Development Training Hall Building | NCB/WORKS/CSIO/NUW/079-080-01 | Ganesh Nirman Sewa, Bidur-04, Nuwakot | NRs. 2402430.01 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भ्रष्टाचारी जोगाउँदै सरकार

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार यतिखेर भ्रष्टाचारी जोगाउने खेलमा जुटेको छ । भ्रष्टाचार निवारण ऐन संशोधन विधेयकमा भ्रष्टाचारीलाई पाँच वर्षको मात्र समयसीमा राखेर भ्रष्टहरूलाई जोगाउने खेलमा सरकार लागेको आरोप लागेको छ । गठबन्धन सरकारमा सामेल नेपाली कांग्रेसकै सांसदहरू भ्रष्टाचारीको पाँच वर्षे अवधिका विपक्षमा देखिएका छन् । विशेषगरी सरकारी कर्मचारी एवं राजनीतिक नेताहरूलाई भ्रष्टाचारबाट जोगाउनका लागि यस्तो विधेयक ल्याएको देखिन्छ ।

मुलुकलाई खोक्रो पारेर राष्ट्रको ढुकुटी रित्याउने भ्रष्टहरूलाई सरकारले पाँच वर्षको अवधि तोक्न खोज्नु सरासर जनविरोधी कार्य हो भन्ने कुरा पुष्टि गर्न सकिन्छ । भ्रष्टाचारीलाई नै मृत्यु भएपश्चात् पनि निजको सन्तान वा जायजेथाबाट असुलउपर गर्नेगरी भ्रष्टाचार निवारण ऐन संशोधन हुनुपर्दछ नकि पाँच वर्षको अवधि तोक्ने काम ।

२०४६ सालयता नेपालमा भ्रष्टाचार मौलाउँदै गएको देखिन्छ । अझ नेपालमा गणतन्त्र स्थापित भएपश्चात् त भ्रष्टाचार 'सिस्टम'को रूपमा परिभाषित हुन थालेको छ । सरकारी कार्यालयमा विनाघूस कुनै पनि कार्य असम्भवजस्तै छ ।

अझ रमाइलो कुरा त निजामती सेवामा नै देखिन्छ । लोकसेवा आयोग पास गरेपछि सरकारी सेवामा प्रवेश गर्दा जुन प्रण गरेको हुन्छ त्यो प्रण कर्मचारीले बिर्सन्छ । कर्मचारी राष्ट्रसेवक भएका नाताले सरकारले तलब भत्ता, अतिरिक्त भत्ता, सवारीसाधन सुविधामात्र दिएको छैन । महँगी भत्ता, सञ्चार सुविधादेखि घरका लागि आवश्यक सबै कुरा पूरा गरिदिंदा पनि कमिसन नभई काम नै नहुने संस्कार विकास भएको छ ।

कुनै पनि सरकारी निकायमा काम गर्ने हो भने विनाकमिसन काम भएको पाउन मुश्किलै पर्ला । सरकारी कर्मचारीलाई सारा सुविधा दिंदा पनि कमिसन चाहिने ? आफ्नो स्वार्थ पूरा गर्न र भ्रष्टाचारलाई बढावा दिने काम कर्मचारीबाट नै नेताहरूमा सरेको छ । हुन्छ हजुर र हस हजुरमा चल्ने ब्यूरोक्रयाटस्का कारण नै नेपालमा नेताहरू पनि भ्रष्ट हुन थालेको देखिन्छ ।

पछिल्लो समय त स्थानीय तहमा हुने गरेको लुट र भ्रष्टाचारको कुरा गरेर सम्भव नै छैन । हरेक काममा कमिसन । यस्तो अवस्थाले गर्दा नागरिकमा नैराश्यता उत्पन्न हुन थालेको हो । त्यसैले सरकारले संशोधन गरेर ल्याउन लागेको विधेयकमा भ्रष्टाचारीलाई मृत्युपछि पनि आरोप लाग्नेगरी सोधभर्ना छोराछोरीबाटसमेत लिनसक्ने गरी विधेयक आउनु आवश्यक छ ।

तीनै तहको सरकारी निकायमा देखिएको भ्रष्टाचारलाई नियाल्ने हो भने अधिकांश विदेश जाने बाध्यतामा परेका छन् । त्यसैले सरकारले भ्रष्टाचारीलाई पाँच वर्षको अवधिभित्र कारबाही गर्ने ऐन ल्याउने प्रयास केवल पानीको फोकाजस्तै हो । त्यसैले भ्रष्टलाई पाँच वर्षको सीमा तोकेर जोगाउने होइन हदैसम्मको कारवाही हुने मृत्युपश्चात् समेत खोजी गरी राष्ट्रियकरण गर्ने विधेयक ल्याउनु जरुरी छ ।

## मनन्योग्य

### चाणक्य नीति

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए। विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए । उनी सदैव निर्भिकतापूर्वक धर्मको नै पक्ष लिने गर्दथे। उनी धर्मपारायण हुन् भन्ने कुराको प्रमाण अरू के हुन सक्ला र जबकि युद्ध रोकियोस् भन्ने उद्देश्यले अन्तिम प्रयास ' गर्न पाण्डवहरूको दूत बनेर आएका यादव नरेश श्रीकृष्णले दुर्योधनका राजमहलको आतिथ्य स्वीकार नगरी विदुरकहाँ (एउटा दासीपुत्रको घरमा बस्न उचित ठान्नुभयो। त्यसैले विदुलाई महात्मासमेत भनिँदै आएको छ।

विदुरले आफ्नो जिन्दगानीभरि नै धर्म (नीति) को पालना गरे। महाभारतमा अनेकौं नीतिशास्त्रकारका नीतिहरू संकलित छन्। यिनमध्ये पाण्डवका पुरोहित धौम्यका सेवानीति, कणिक भारद्वाजको कूटनीति प्रख्यात छन्। महात्मा विदुरले धृतराष्ट्रलाई भनेको कुरा (उपदेश) अत्यन्तै मार्मिक र अनौठा छन्। विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्वहरूको विवेचना गरिएको छ। साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ। सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

'धर्मको गति बुझिनसक्नु छ' 'धर्मका तात्विक विषयहरू यत्रतत्र पाइदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ । धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । क्रमश :

# 'होटल क्षेत्रलाई सरकारले उद्योगको मान्यता दिनुपर्छ'



**विनायक शाह**
**अध्यक्ष**
**नेपाल होटल संघ (हान)**

*नेपाल होटल संघ (हान)को १४औं अध्यक्षमा विनायक शाह सर्वसम्मतरूपमा निर्वाचित भएका छन् । शुक्रबार सम्पन्न संघको साधारणसभाले उनीसहित आगामी दुई वर्षका लागि नयाँ कार्यसमिति चयन गरेको हो । उनी अध्यक्षमा निर्वाचित हुँदै गर्दा कोरोना महामारीले थलिएको होटल क्षेत्र अझै पनि पुरानो लयमा फर्कन सकेको छैन । 'रिभाइभल'को चरणमा रहेको होटल क्षेत्रका आजका समस्या, तिनका समाधानका लागि विभिन्न पक्षको भूमिका र नेपालको पर्यटन क्षेत्रको विकासका लागि चालिनुपर्ने कदमलगायतका विषयमा केन्द्रित रही* राष्ट्रिय समाचार समिति*का उपसम्पादक* कमलकुमार बस्नेत *र समाचारदाता* सिबी अधिकारी*ले नवनिर्वाचित अध्यक्ष शाहसँग गरेको कुराकानी :*

**हानको १४औं अध्यक्षमा निर्वाचित हुनुभएको छ । हानले यसपटक पनि सर्वसम्मत नै नेतृत्व चयन गर्न सफल भयो होइन ?**

होटल संघ नेपाल (हान)सँग ५७ वर्ष लामो इतिहास छ । यसबीचमा दुईपटक मात्रै निर्वाचन भएको छ । बाँकी सबै कार्यकाल सर्वसम्मत नै कार्यसमिति चयन भएको छ । हामी विशुद्ध व्यावसायिक संगठन हौं । राजनीतिक आस्थालाई संघमा हावी हुन दिएका छैनौं । पक्कै पनि कार्यसमिति निर्वाचित हुँदै गर्दा आकांक्षी धेरै हुनुहुन्छ । यसपटक पनि हुनुहुन्थ्यो तर सबैलाई सहमतिमा ल्याउन सफल भयौं । सबै साथीको आ-आफ्नै जिम्मेवारी छ । कार्यसमितिमा भए पनि नभए पनि उहाँहरूको योगदान संघमा रहने नै छ । सहमतिका आधारमा नेतृत्व चयन हुँदा हाम्रो अनावश्यक खर्च जोगिएको छ । हामीबीच व्यावसायिक सौहार्द्रता पनि कायम हुने नै भयो । यसपटक नौ वटै वर्गका होटलबाट दुई जनाका दरले १८ जना छनोट गरी त्यसमध्येबाट अन्य पदाधिकारीहरू छनोट गरिएको हो ।

**हानको अध्यक्षका रूपमा तपाईंका प्राथमिकता के हुने छन् ?**

अध्यक्ष निर्वाचित भएसकेपछि मैले गर्ने काम विधानमा उल्लेख भएबमोजिम नै हुने हो । विधानमा संघको उद्देश्य नै देशभरका सदस्यका व्यवसायलाई बलियो बनाउने, उहाँहरूका समस्या समाधानका लागि पहल गर्ने नै भन्ने हो । त्यसैका आधारमा मैले काम गर्नेछु । संघलाई यहाँसम्म ल्याउनका लागि पूर्वअध्यक्षहरूले पुऱ्याउनुभएको योगदानलाई कदर गर्दै संघको छवि अझ उँचो बनाउनमा केन्द्रित हुनेछु । अहिले होटल क्षेत्रमा देखिएका समस्या समाधानका लागि पनि मेरो पूर्ण प्रयत्न हुनेछ । त्यसबाहेक होटल क्षेत्रलाई राष्ट्रिय उद्योग सरहको मान्यता दिलाउने विषयमा पनि मैले सक्दो प्रयास गर्नेछु । आगामी वर्षको बजेट निर्माण हुँदै छ बजेटमा हाम्रा माग सम्बोधन होस् भनी प्रयास पनि जारी नै रहनेछ ।

**कोरोना महामारीले प्रभावित अन्य क्षेत्र लयमा फर्किए पनि होटल क्षेत्र अझै समस्यामा छ भनिरहनुभएको छ । सरकारसमक्ष पनि बारम्बार सम्बोधनका लागि माग राख्नुभएको छ । वास्तवमा अहिले होटल व्यवसाय कुन अवस्थामा छ ?**

कोरोना महामारीले विश्वभरको पर्यटन क्षेत्रलाई प्रभावित पाऱ्यो । कोरोना महामारीको असर न्यून भएको आजको अवस्थामा पनि विश्वको पर्यटन पूर्णरूपमा रिकभर भइसकेको छैन । आजका दिनमा सबै देशलाई पर्यटक चाहिएको छ । किनभने पर्यटन यस्तो एउटा क्षेत्र हो जसका कारण अन्य कैयन क्षेत्रको विकास सम्भव छ । पर्यटन क्षेत्रबाट छोटो समयमै आर्थिक समृद्धि ल्याउन सकिन्छ । आजका दिनमा होटल ३० प्रतिशत अकुपेन्सीमा सञ्चालन भइरहेका छन् । जबकि सञ्चालन खर्च धान्नका लागि मात्रै पनि कम्तीमा ३८ प्रतिशत अकुपेन्सी आवश्यक पर्छ । तर, आजका दिनमा हामीसँग कोरोना महामारीभन्दा अघिको जत्तिको पनि पर्यटक आएको अवस्था छैन । अब हामीले पर्यटक बढाउनका लागि प्याकेज ल्याउन सक्नुपर्छ । तीन वर्षसम्म पर्यटक नआएपछि होटलका कोठाहरू खाली भए भने आम्दानी नभएपछि बैंकबाट लिएको ऋणको साँवा तथा ब्याज तिर्न पनि नसक्ने अवस्था भयो । गत आर्थिक वर्षसम्म त सरकारले मौद्रिक नीतिमार्फत सम्बोधनको प्रयास गरेको थियो तर चालु आवदेखि त्यो पनि छैन । त्यसैले अहिलेको समस्या समाधानका लागि हामीले सरकारसमक्ष आफ्ना समस्या राखेका छौं ।

- हान विशुद्ध व्यावसायिक संगठन हो । राजनीतिक आस्थालाई संघमा हावी हुन दिएका छैनौं ।
- आजका दिनमा होटल ३० प्रतिशत अकुपेन्सीमा सञ्चालन भइरहेका छन् । जबकि सञ्चालन खर्च धान्नका लागिमात्रै पनि कम्तीमा ३८ प्रतिशत अकुपेन्सी आवश्यक पर्छ ।
- होटल क्षेत्रले उद्योगको मान्यता नपाउँदा विभिन्न सेवा तथा सुविधाबाट वञ्चित भएको अवस्था छ ।
- विदेशी पर्यटक ल्याउने विषयमा नेपाल पर्यटनका लागि सुरक्षित गन्तव्य हो भन्ने सन्देश सरकारले दिनसक्नुपर्छ ।
- हामीले नेपालमा पर्यटकको संख्या बढाउनका लागि प्याकेज दिन सक्नुपर्छ । अन्य देशका गन्तव्यको तुलनामा हामीले के फरक दिन सक्छौं भन्ने हो ।
- नेपालको पर्यटन ऐन वि.सं. २०३५ मा बनेको हो । त्यो तत्कालका लागि राम्रो थियो तर आजका दिनमा समयसापेक्ष छैन । मुलुक संघीयतामा गइसकेको अवस्थामा पनि ऐनलाई सोहीअनुसार परिवर्तन गर्न जरूरी छ ।

**होटल क्षेत्रमा खबौं रूपैयाँ लगानी भइसकेको छ । पर्यटक नआउने हो भने ब्याज तिर्न पनि गाह्रो हुने अवस्था छ । समस्या कहाँ छ भन्ने लाग्छ ?**

होटलमा सरकारको वार्षिक बजेटजत्तिकै अर्थात् १७ देखि १८ खर्ब रूपैयाँ लगानी भएको छ । पाँचतारे होटलमात्रै १८ वटा पुगिसके भने काठमाडौं बाहिर १८ देखि २० वटा राम्रा होटल आउने तयारी अवस्थामा छन् । सन् २०२२ मा करिब छ लाख पर्यटक आएका छन् । तर, होटलको क्षमता भने ३५ लाख पर्यटक धान्ने छ । यस्तो अवस्थामा आन्तरिक पर्यटक केही बढे पनि होटलले आम्दानी लिन सकेका छैनन् । यस्तो अवस्थामा होटलमा भइरहेको लगानी जोगाउनका लागि तत्कालै पोखरा र भैरहवाका विमानस्थल राम्रोसँग सञ्चालन गर्नुपर्छ । विमानस्थल बनाउने तर सञ्चालन नै गर्न सकिएन भने अर्थ हुँदैन । हामीले राष्ट्रिय ध्वजावाहक विमान पनि चलाउन सकेका छैनौं । विमानस्थल नै नचल्ने हो भने हामीले ३५ लाख पर्यटक ल्याउन पनि त सक्दैनौं । यसमा सरकारी संयन्त्रबाटै पर्याप्त मार्केटिङ नभएको हो कि भन्ने पनि लाग्छ । यसका लागि सरकारले निजी क्षेत्रसँग मिलेर काम गर्न पनि सक्छ ।

**होटलमा भइरहेको लगानीको जोखिम कत्तिको देख्नुहुन्छ ?**

कुनै पनि क्षेत्रमा गरिने लगानीमा जोखिम त जहिले पनि रहन्छ । अझ होटलमा गरिने लगानी उठ्न त लामो समय लाग्नु स्वाभाविक हो । होटलमा लगानी गर्दा लगानीकर्ताले नै २० देखि २५ वर्षको समय हेरेकै हुन्छ । सुरुआतमा घाटामै सञ्चालन गरिन्छ । पछिल्लो समय नेपालमा लक्जरियस होटल आउनेक्रम पनि जारी छ । मुस्ताङमा हाइब्राण्ड होटल सिन्तामणि आएको छ भने इन्टरकन्टिनेन्टलले चार वटा होटल ल्याउँदै छ । यसरी विश्वका राम्रा होटल नेपाल आउनुको अर्थ सम्भावना भएर नै हो । यस्तो अवस्थामा सरकारले हाम्रा समस्या सुनिदिनुपर्छ । आजका दिनमा हामीसँग व्यवसाय गर्ने आत्मविश्वास नै छैन । सम्भावना हुँदाहुँदै पनि प्रोत्साहन भएन भने काम गर्न पनि मन लाग्दैन । अपेक्षाकृत पर्यटक आउने हो भने होटलमा भइरहेको लगानी जोखिममा पर्ने हुँदैन । हामीले भारत र चीनबाट मात्रै पनि लाखौंको संख्यामा पर्यटक ल्याउन सक्छौं । चीनबाट ठूलो संख्यामा पर्यटक ल्याउन सकिन्छ तर त्यसका लागि हामीसँग पर्याप्त 'कनेक्टिभिटी' छैन । चीनसँग सातामा पाँच वटा उडानमात्रै छ । जबसम्म कनेक्टिभिटी बढाउन सकिन्न तबसम्म चिनियाँ पर्यटक पनि ल्याउन सकिन्न । भारत पनि हाम्रा लागि ठूलो बजार हो । यसका लागि सरकारले केही प्रयास गर्नुपर्ने हुन्छ । कोरोना महामारी शून्यको अवस्थामा आइसकेपछि सरकारले नै नेपाल भ्रमणका लागि सुरक्षित गन्तव्य हो भन्ने खालको सन्देश दिन सक्नुपर्ने थियो भन्ने लाग्छ ।

**पर्यटन क्षेत्रलाई हेर्ने व्यवहार कस्तो पाउनुभएको छ ?**

पर्यटन क्षेत्रलाई हेर्ने दृष्टिकोण पनि राम्रो भएन भन्ने लाग्छ । पर्यटन क्षेत्र सरकारी परिभाषामा होटल क्षेत्र सेवा व्यवसाय हो । उद्योग होइन । उद्योग नहुँदा हामीले सुविधा पाएका छैनौं । उद्योगले विद्युत् महसुल प्रतियुनिट छ रूपैयाँ तिर्छ भने हामीले महँगो शुल्क तिर्नुपरिरहेको छ । मुलुकमा विदेशी मुद्रा आर्जन गर्ने र लाखौंलाई रोजगारी दिने पर्यटन क्षेत्रलाई उद्योगको मान्यता दिने हो भने निकै सहज हुने थियो । कोरोना महामारीपछि होटलको व्यवसाय राम्रो छैन । कति होटल बन्द अवस्थामा छन् भने कतिपय पलायन अवस्थामा छन् । सञ्चालन भएका होटलले पनि सञ्चालन खर्च धान्न सकेको अवस्था छैन । यससम्बन्धी सबै तथ्यांक नेपाल राष्ट्र बैंकसमक्ष छ तर सो अनुरूप समस्या समाधानका लागि सम्बोधन भएको छैन ।

**आजका दिनमा होटल क्षेत्रका समस्या समाधानका लागि सरकारले के गर्नुपर्छ जस्तो लाग्छ ?**

सबैभन्दा पहिले त सरकारले होटल क्षेत्रलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको मान्यता दिनुपर्छ । डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएको समयमा मन्त्रिपरिषद्को बैठकले होटललाई उद्योग क्षेत्रको मान्यता दिने विषयमा अघि बढे पनि त्यसले मूर्तरूप पनि लिन सकेको थिएन । अहिले होटल क्षेत्रले उद्योगको मान्यता नपाउँदा विभिन्न सेवा तथा सुविधाबाट वञ्चित भएको अवस्था छ । त्यसबाहेक सरकारले पर्यटन क्षेत्रको विकासका लागि सरोकारवाला, निजी क्षेत्रसँग सहकार्य गर्न जरुरी छ । विदेशी पर्यटक ल्याउने विषयमा नेपाल पर्यटनका लागि सुरक्षित गन्तव्य हो भन्ने सन्देश सरकारले दिनसक्नुपर्छ । पर्यटकले विमानस्थलमा उत्रनेबित्तिकै खर्च गर्न सुरु गर्छ ।

युनाइटेड नेसन्स वर्ल्ड टुरिजम अर्गनाइजेसनका अनुसार एक जना पर्यटक आउँदा ११ जनालाई प्रत्यक्ष र अप्रत्यक्षरूपमा रोजगार दिन्छ । यस अर्थमा पर्यटन क्षेत्रको विकासले अन्य विभिन्न क्षेत्रलाई समेट्न सक्छ । कोरोना महामारीपछि कोरोना महामारीका कारण प्रभावित यस क्षेत्रबारे सरकारले श्वेतपत्र जारी गरी नयाँ कार्यनीति बनाएर अघि बढ्नुपर्छ । यसका लागि सबै सरोकारवाला निकाय, निजी क्षेत्र र सरकार मिलेर काम गर्न सकियो भने यसले राम्रो प्रतिफल दिनसक्छ भन्ने मेरो विश्वास छ ।

विष्णु पौडेल अर्थमन्त्री भएका बेला अध्यादेशमार्फत ल्याइएको बजेटमा एक वर्ष पर्यटन क्षेत्रलाई उद्योगसरहको मान्यता दिइएको थियो । त्यसले होटल क्षेत्रलाई ठूलो राहत भयो । तर, त्यसपछि बनेको सरकारले त्यसलाई निरन्तरता दिएन । अब सरकारले पर्यटन क्षेत्रलाई उद्योगसरहको मान्यता दिनुपर्छ । उद्योगको मान्यता नहुँदा यो क्षेत्र विभिन्न सुविधा पाउनबाट वञ्चित भएको छ । यस्ता समस्या सरकारले सुनिदिएर आगामी आर्थिक वर्षको बजेटमार्फत सम्बोधन गर्नुपर्छ ।

**विदेशी पर्यटक बढाउन के गर्न सकिन्छ ?**

हामीले नेपालमा पर्यटकको संख्या बढाउनका लागि प्याकेज दिन सक्नुपर्छ । अन्य देशका गन्तव्यको तुलनामा हामीले के फरक दिन सक्छौं भन्ने हो । सन् २०१९ को तुलनामा अहिले एक तिहाइ पर्यटकमात्रै भएको अवस्था छ । सन् २०२० मा नेपाल भ्रमण वर्ष मनाउनका लागि पर्यटक आकर्षित गर्न 'लाइफ टाइम एक्सपेरियन्स'का कार्यक्रम ल्याएका थियौं । तर, ती कार्यान्वयन भएनन् । अब सरकारले नेपाल भ्रमण दशक भनेर मनाउने योजना ल्याएको छ । जसअनुसार सन् २०३३ सम्ममा ३५ लाख पर्यटक ल्याउने योजना छ । आजका दिनमा पनि होटलमात्रै होइन, विमान कम्पनी, ट्राभल ट्रेकिङ एजेन्सीहरू सबैले आ-आफ्नो तरिकाले काम गरिरहेका छौं । तर, यो राष्ट्रियस्तरबाट संयोजन हुन नसकेको अवस्था छ । यदि राष्ट्रियस्तरबाट संयोजन हुने हो भने धेरै काम गर्न सकिन्छ । नेपालमा पर्यटक बढाउनका लागि आगामी दुईदेखि तीन वर्षमा दुई/तीन वटा 'इन्टरनेसनल मेगा इभेन्ट' गर्नु आवश्यक छ । त्यसो भयो भने सरकार र निजी क्षेत्रले एउटै बोली बोल्ने हुन्छ र सन्देश राम्रो जान्छ । नेपाल 'एड्भेन्चर'का लागि राम्रो गन्तव्यका रूपमा प्रचारप्रसार गर्ने हो भने त्यसका लागि दुई/तीन वर्ष त तयारीका लागि नै चाहिन्छ । सन् २०२३ देखि काम सुरु गर्ने हो भने सन् २०२५ सम्म काम गर्न सकिन्छ । यसका लागि सरकारले आगामी वर्षको बजेटमार्फत यो क्षेत्रलाई सम्बोधन गर्नुपर्ने अवस्था छ ।

**पर्यटनमन्त्रीले पर्यटन ऐन परिवर्तन गर्छु भन्नुभएको छ । पुरानो ऐनका कारण पनि समस्या हो ?**

नेपालको पर्यटन ऐन वि.सं. २०३५ मा बनेको हो । त्यो तत्कालका लागि राम्रो थियो तर आजका दिनमा समयसापेक्ष छैन । मुलुक संघीयतामा गइसकेको अवस्थामा पनि ऐनलाई सोहीअनुसार परिवर्तन गर्न जरुरी छ । हानलाई पनि सातवटै प्रदेशमा लैजाने गरी विधान संशोधन गर्ने तयारीमा छौं । आजका दिनमा गण्डकी प्रदेशले पर्यटन क्षेत्रको राजधानीका रूपमा आफूलाई विकास गर्ने प्रयास गरिरहेको छ । प्रदेश सरकारहरूले पनि पर्यटन क्षेत्रलाई आर्थिक समृद्धिको क्षेत्र मानेकाले पर्यटन क्षेत्रको विकासका लागि लगानी ल्याउने गरी नीति बनाउनुपर्छ ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**झाँकी प्रस्तुत गर्दै कलाकार** | पञ्चपुरी नगरपालिका–५ बाबियाचौरमा कर्णाली सांस्कृतिक समाज पञ्चपुरीले आयोजना गरेको सांस्कृतिक कार्यक्रमको उद्घाटनमा सांस्कृतिक झाँकी प्रस्तुत गर्दै कलाकारहरू । *तस्बिरः सुरेश आचार्य/रासस*

# छोटो दूरीको आकर्षक गन्तव्य मौलाकालिका

■ **नारायण अधिकारी**

**चितवन–** चितवन, नवलपरासी र तनहुँको दृश्यावलोकन गर्न बनाइएको 'भ्युटावर'जस्तै गरी नारायणगढको काखमा रहेको गैँडाकोटको शिर मौलाकालिका मन्दिरमा यतिबेला पर्यटकको चहलपहल बढेको छ । नयाँ वर्षसँगै यहाँ सञ्चालनमा आएको केबलकारले यहाँको पर्यटकीय गतिविधि बढाएको हो ।

मौलाकालिकाको फेदीबाट छोटो दूरीको केबलकार चढेर मन्दिरसम्म पुग्नसक्ने भएपछि मन्दिरको दर्शनमा जाने भक्तजनलाई सहज भएको छ । यसका साथै सहरको रमझम र प्राकृतिक दृश्यावलोकनमा रमाउन चाहनेका लागिसमेत मौलाकालिका एक उत्कृष्ट गन्तव्य भएको छ ।

यहाँबाट नवलपरासी, चितवन, तनहुँ, गोर्खाका अग्ला डाँडा, भञ्ज्याङ, भिरपाखा र हिमशृंखलाका साथै सुप्रसिद्ध तीर्थस्थल देवघाटधाम, चितवनको समथर भूमि, राष्ट्रिय निकुञ्जको जंगल तथा मौलाकालिकालाई दाहिने पारेर सलल बगेको नारायणी नदी अवलोकन गर्न सकिन्छ ।

देशकै तेस्रो पर्यटकीय गन्तव्य चितवन आउने पर्यटकका लागि मौलाकालिका पनि एक धार्मिक पर्यटकीय गन्तव्य बनेको यहाँका स्थानीय पर्यटन व्यवसायी बताउँछन् । स्वदेशी एवं विदेशी पर्यटक पुग्ने चितवनका पर्यटकीय गन्तव्यमा केबलकारको सञ्चालनसँगै अर्को एक गन्तव्य पनि थपिएको स्थानीय पर्यटन व्यवसायीको भनाइ छ ।

यहाँ जंगल सफारीका लागि आउने पर्यटकका लागि थप गन्तव्य बनेको क्षेत्रीय होटल संघ सौराहाका पूर्वअध्यक्ष सुमन घिमिरे बताउँछन् । उनले भने, 'यसले चितवनको पर्यटन प्रवर्द्धनका लागि निकै सहयोग पुग्ने हामीले ठानेका छौं । हामीले यहाँ आउने पर्यटकलाई घुमाउने गन्तव्यमा अब मौलाकालिका पनि थपिएको छ । त्यसैले यहाँ आउने पर्यटकको बसाइ लम्ब्याउन यसले थप सहयोग गर्छ भन्ने हाम्रो बुझाइ छ ।' केबलकार चढ्न आउने, जंगल सफारी जाने र सफारी गर्न आउने केबलकार चढ्नसक्ने भएकाले चितवन आउने पर्यटकको बसाइ लम्ब्याउन सहयोग पुग्ने उनको भनाइ छ ।

नारायणगढबाट नारायणी नदीको पुल पार गर्नेबित्तिकै दाहिनेतर्फ दुई किलोमिटरमा मन्दिरको फेदीको प्रवेशद्वार पुगिन्छ । त्यहाँबाट केबलकारको पाँच मिनेटको यात्रामा मन्दिर नजिकै पुग्न सकिन्छ ।



मौलाकाली सामुदायिक वन र मौलाकालिका धार्मिक वनभित्र रमणीय हरियाली वातावरण छ । केबलकारबाट पनि यो प्राकृतिक दृश्यावलोकन गर्न सकिन्छ । मौलाकालिका मन्दिर पूर्वी नवलपुरको गैँडाकोटस्थित पूर्वपश्चिम राजमार्गको नारायणी-पुलबाट उत्तरतर्फ करिब चार किलोमिटर टाढा छ । समुद्र सतहदेखि ५६१ मिटर उचाइमा पहाडी वनको धुरीमा मौलाकालिका मन्दिर अवस्थित छ ।

भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल गैँडाकोटमा केबलकार सञ्चालनमा आउँदै गर्दा यसको प्रत्यक्ष लाभ भरतपुरले प्राप्त गर्ने बताउँछिन् । यसले भरतपुर क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने उनको भनाइ छ । उनले भनिन्, 'मौलाकालिकामा केबलकार चल्दै गर्दा यहाँ पर्यटकको बसाइ लम्बिनेछ । यसका साथै चितवनमा अर्को एक पर्यटकीय पूर्वाधार थपिएकामा हामी खुसी छौं ।' पछिल्लो समय सो केबलकारसँगै प्याराग्लाइडिङसमेत सुरु भएको भन्दै उनले सन् २०२४ लाई भरतपुर भ्रमण वर्ष मनाउने तयारी गरिरहेकाले समयमा यी गन्तव्य महत्त्वपूर्ण हुने बताइन् । यसले भरतपुर क्षेत्रको आर्थिक गतिविधि बढाउन थप सहयोग पुग्ने उनको विश्वास छ ।

गैँडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारी स्थानीय तहसँग समन्वय गरेर केबलकार सञ्चालन गरेमा यहाँको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताए । चितवनका स्थानीय पर्यटकीय गतिविधि प्रवर्द्धनमा यस पूर्वाधारले टेवा पुऱ्याउने विश्वास उनले व्यक्त गरे ।

होटल व्यवसायी महासंघका अध्यक्ष दिनेशकुमार चुकेले मौलाकालिकामा केबलरकार सञ्चालन हुँदै गर्दा नारायणगढ क्षेत्रका होटल व्यवसायमा सकारात्मक प्रभाव पर्ने बताए । उनले भने, 'यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा मौलाकालिका केबलकार सहयोगी बन्नेछ ।' धार्मिक सेवा समिति मौलाकालिका मन्दिरका अध्यक्ष शालिग्राम सापकोटा केबलकार सञ्चालनमा आएसँगै पहिले हिँडेरै जानुपर्ने अवस्था नरहेको र यसका कारण भक्तजनको संख्या बढेको बताउँछन् । केबलकार सञ्चालनमा आएपछि यहाँ २० प्रतिशतभन्दा बढी भक्तजन थपिएको र यो संख्या बढ्दै जाने देखिएको उनले बताए । उनले भने, 'विगतका वर्षमा यस शक्तिपीठमा वर्षमा कम्तीमा तीन लाख ५० हजार भक्तजन जाने गरेकामा अब सबैका लागि सहज भएकाले यो संख्या बढ्ने अनुमान हामीले गरेका छौं ।'ऐतिहासिक महत्त्वको यस मन्दिर ४५० वर्ष पहिला सेन राज्यका पालामा निर्माण भएको जानकारी उनले दिए । उनले भने, 'डाँडाको टुप्पामा एउटा सानो मन्दिर थियो, कहिलेकाहीँ स्थानीय आदिवासी पूजाअर्चना गर्थे । सोह्रौं शताब्दीमा पाल्पाका राजा मणिमुकुन्द सेनले देवी कलिकाको नाममा 'प्रतीक' को प्रतीकात्मक प्रस्तुतिस्थल सिर्जना गरेपछि पर्वत (मौला पहाड) को नाम राखिएको किंवदन्ती छ ।'

हिन्दू पौराणिक कथाअनुसार देवी काली वा कलिका माईलाई ऊर्जा, शक्ति र नयाँ कार्यको सुरुआतको प्रतीक मानेर पूजा गर्ने गरिएको मन्दिरको प्रशासनिक एवं व्यवस्थापकीय एक सदस्य छवि खनाल बताउँछन् । उनले मन्दिरलाई स्थानीयस्तरमा धेरै पटक पुनःस्थापित गरिएको भन्दै थप आगन्तुक समायोजन गर्न आधार क्षेत्र विस्तार गरिएको बताए । मन्दिर व्यवस्थापन समितिले पछिल्ला वर्षमा यहाँ बलि दिने प्रथामा रोक लगाएको छ । यहाँ बलिको साटो नरिवल, फलफूल चढाउने संस्कार बढ्दै गएको छ । भगवतीको दर्शन गरी उनको चरणमा परेर गरेको भाकलबाट मनोकांक्षा पूरा हुने विश्वास छ ।

वि.सं. १९९० सम्म त्यहाँ ठूलो सालको रुख थियो भन्ने कथन रहेको छ । रुख वरिपरि ढुंगाको पर्खाल थियो । खिया लागेर भष्म भइसकेका खुँद आकारका फलामका हतियार थिए । धमिराले खाएको काठको मौलो र कालिका भगवतीको शिला/पत्थर थिए । आज पनि भक्तजनले तिनको पूजा गर्दै आएका छन् । मौलाकालिका मन्दिरमा हरेक वर्ष नेपाल र छिमेकी मुलुक भारतबाट धार्मिक आस्था राख्ने हजारौं भक्तजन पूजा गर्न आउने गरेका छन् ।

नेपालका पूर्वराष्ट्रपतिद्वय रामवरण यादव र विद्या भण्डारी, पूर्वराजा, पूर्वमन्त्रीहरू, भारतका प्रसिद्ध योगगुरु रामदेवले मन्दिरमा पूजाअर्चना तथा भ्रमण गर्नुभएको छ । पूर्वराष्ट्रपति भण्डारीले वि.सं. २०७३ वैशाख ८ गते मन्दिरमा पूजा अर्चनाका साथै मन्दिरको आवासीय सुविधाको उद्घाटन गरेका थिए ।

वि.सं. २०३८ देखि संस्थागत पूजाअर्चनाका साथै जनसहभागितामा विकास निर्माण कार्य गरिँदै आएको र वि.सं. २०५३ मा प्यागोडा शैलीमा ठूलो मन्दिर निर्माण भएपछि धार्मिक तथा अन्य पर्यटकको संख्या उल्लेखनीयरूपमा बढेको छ ।

स्थानीय बासिन्दा र निजी क्षेत्रको साझेदारीको नमूना परियोजनाका रूपमा छोटो समयमै यहाँ केबलकार निर्माण सम्पन्न भएको छ । 'यहाँ केबुलकार सञ्चालनमा आएपछि गैँडाकोट र नवलपुरलाई मात्रै नभई छिमेकी जिल्लालाई समेत हरेक तरिकाबाट फाइदा पुग्ने स्थानीयको भनाइ छ । यो आयोजनाबाट पर्यटन, कृषि, व्यवसाय, होटल रेस्टुराँ, रोजगारी सिर्जनासहित धेरै तरिकाले स्थानीयलाई फाइदा पुग्ने यहाँका जनप्रतिनिधिहरू बताउँछन् ।

केबलकार आयोजनामा ५१ प्रतिशत सेयर मुख्य लगानीकर्ता आइएमई समूह र बाँकी ४९ प्रतिशत लगानी स्थानीयको रहेको छ । केबलकारले स्थानीयसहित करिब ४०० व्यक्तिलाई रोजगारी दिने कम्पनीको भनाइ छ । यसका साथै मौलाकालिका मन्दिरनजिकै अत्याधुनिक रिसोर्ट निर्माणाधीन अवस्थामा छ । मन्दिर नजिक रहेको हेलिप्याडमा केबलकारको टपस्टेसन निर्माण भएको छ भने मौलाकालिका फेदीमा रहेको धारापानीमा बटम स्टेसन निर्माण भएको छ ।


केबलकारले एकतर्फी लम्बाई एक हजार २०० मिटर छ । यसका लागि छ वटा टावर निर्माण गरिएको छ । केबलकारमा १४ डब्बा (गोन्डला) रहेका छन् । एउटा डब्बामा एक पटकमा आठ जना यात्रु अटाउने क्षमता छ । हरेक डब्बा एक स्टेसनबाट अर्को स्टेसन पुग्न पाँच मिनेट लाग्दछ ।

केबलकार सञ्चालनमा आएपछि प्रतिदिन छ हजार यात्रु आवतजावत गराउन सकिने क्षमता रहेको छ । केबलकारका लागि ५६ रोपनी जग्गा अधिग्रहण गरिएको छ । कम्पनीले त्यसबापत सरकारलाई ५८ रोपनी जग्गा सट्टाभर्ना दिएको छ । कम्पनीले पूर्वी नवलपरासीकै मिथुकरम (दुर्गम पहाडी) गाउँको जग्गा किनेर सरकारलाई दिएको हो ।

देशको पूर्वपश्चिम यात्रा गर्ने व्यक्ति अधिकांश नारायणगढ पुग्नुपर्छ । नारायणगढमा कुनै व्यक्ति दुई घण्टामात्र अडिनुपर्ने अवस्था आयो भने पनि उसले मौलाकालिका पुगेर दर्शन र दृश्यावलोकन गरेर सजिलै ओर्लिन सक्छ । त्यसैले यहाँका स्थानीय पर्यटन व्यवसायीले पनि यसलाई छोटो समयकै एक आकर्षक गन्तव्यका रूपमा लिएका छन् । *रासस*

# चुक्तीखोलामा पुल निर्माण हुन थालेपछि स्थानीय हर्षित

■ **डम्मर बुढामगर**



**ढोरपाटन–** मध्यपहाडी लोकमार्ग छेउमै छ नरठाँटी बजार । हिउँदको महिनामा यहाँ सहजरूपमा गाडी आवतजात गरे पनि बर्खाको करिब चार महिना यातायात ठप्प हुन्छ । नरेठाँटी बजार छेउमै रहेको चुक्तीखोलामा वर्षा सुरु भएदेखि पानीको बहाव बढ्ने हुँदा यातायातका साधन वारपार गर्न सक्दैनन् । चार महिना यातायातका साधन ठप्प हुँदा स्थानीय मर्कामा पर्ने गरेका छन् ।

नरेठाँटीभन्दा केही माथि तोरीखोला घरबास छ । यातायात सञ्चालन नहुँदा घरबासमा पाहुनासमेत पुग्न सक्दैनन् । लामो समयदेखि बर्खामा समस्या भोग्दै आएका स्थानीय अहिलेको बर्खामा भने गाडी सञ्चालन हुन्छ भन्नेमा आशावादी छन् । चुक्तीखोलामा अहिले मोटरेबल पुल बन्न थालेपछि उनीहरूमा आशा पलाएको हो । दुई वर्ष अगाडि चुक्तीखोलामा पुल बनाउने सम्झौता भए पनि निर्माण कम्पनीले काम गरेको थिएन । केही समययता पुल निर्माणले गति लिएको छ । पुल निर्माण हुन थालेपछि स्थानीयसमेत हर्षित छन् । अहिले पुलको ढलानको काम हुन थालेको छ ।

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ मा विनियोजन गरेको बजेटले यहाँ पुल निर्माण हुन थालेको हो । वि.सं. २०७८ वैशाखमा पुल निर्माणका लागि सम्झौता भएको थियो । वि.सं. २०८९ वैशाखमा पुल निर्माण सम्पन्न गर्ने भनिए पनि अहिलेसम्म सम्पन्न भएको छैन । निर्माण कम्पनीले समयमै पुल सम्पन्न नगरेपछि वि.सं. २०८९ पुससम्म म्याद थप गरिएको थियो । पुसमा पनि पुल बनेन । निर्माण कम्पनीले असार मसान्तसम्म सक्नेगरी धमाधम काम गरिरहेको गलकोट नगरपालिकाका सबइञ्जिनियर चन्द्र पुनले जानकारी दिए ।

पुल निर्माणका लागि दुई करोड तीन लाख रूपैयाँमा जुम्ली/विके जेभिले जिम्मा लिएको पुनको भनाइ छ । पुनका अनुसार अहिले पुलको ८५ प्रतिशत काम सकिएको छ । उनी भन्छन्, 'सुरुमा निर्माण कम्पनीले विभिन्न समस्या देखाएर काम गरेन, अहिले तीव्र गतिमा काम भएको छ, यो पुल अघिल्लो वर्षमै सकिएर सञ्चालनमा आउनुपर्ने हो, तर काम नहुँदा अहिलेसम्म सञ्चालन हुन सकेको छैन, धेरै काम बाँकी छैन, अहिलेकै हिसाबले काम निरन्तर भयो भने अबका दुई/तीन महिनामा पुल सम्पन्न हुन्छ, यो बर्खामा सञ्चालन हुने देखिएको छ ।'

अहिलेसम्म पुल नबन्दा आफूहरूले उत्पादन गरेका तरकारीले बजार पाउन नसकेको स्थानीय कृषक हिराबहादुर पुनले बताए । उनले खासगरी गाउँमा कृषकले बर्खे तरकारी बढी उत्पादन गर्ने जनाउँदै खोलामा पुल नबन्दा डोकोमा बोकेर बजारसम्म पुऱ्याउनुपरेको दुखेसो पोखे । पुल निर्माणपछि उत्पादनले बाह्रै महिना बजार पाउने पुनको भनाइ छ । सडक नजिक भए पनि बर्खामा धेरै समस्या भोग्नुपरेको पुन बताउँछन् ।

'हिउँदमा कुनै समस्या छैन, साना ठूला सबै गाडी खोला तर्छन्, बारीबाटै तरकारी बेच्न सकिन्छ, तर बर्खामा चुक्तीखोला उर्लेर आउँछ, खोला वारपार गर्न पनि निकै कठिन हुन्छ, वारपारका लागि बनाइएको झोलुंगे पुल पनि पुरानो भएको छ,' पुनले भने, 'ज्यानलाई हत्केलामा राखेर पुल तर्नुपर्छ, न झोलुंगे पुल गतिलो छ, न मोटरगाडी तर्ने पुल, खोलामा पुल बनाउन थालेको पनि दुई/तीन वर्ष भयो, अहिले त सक्छन् कि जस्तो छ ।'

गलकोट-२ का अध्यक्ष हिमबहादुर भण्डारीले पुल समयमै सम्पन्न गर्न निर्माण कम्पनीलाई समयसमयमा आग्रह गरिरहेको बताए । उनले समयमै पुल नबन्दा बर्खामा स्थानीयलाई सामान ढुवानी गर्न निकै समस्या हुने गरेको बताए । सबैभन्दा बढी मर्कामा कृषिक परेको उनको भनाइ छ ।

अध्यक्ष भण्डारी भन्छन्, 'खोला नजिकै विद्यालय र वडा कार्यालय रहेको छ, सेवाग्राही सेवा लिन आउँदा पनि खोलाको डर भइरहेको छ, यो पुल बनेपछि यस क्षेत्रका हजारौं नागरिकलाई सहज हुने थियो, बर्खाको समय गाउँमा कोही बिरामी परेर अस्पतालमा पुऱ्याउनुपरे झन् ठूलो समस्या पर्छ, यस वर्षदेखि पुल सञ्चालनमा आउँछ कि भन्ने अपेक्षा छ, अहिले पुलको काम धमाधम भइरहेको छ ।' *रासस*


# मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मेलम्ची, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**मेलम्ची नगरपालिकाभित्रको सिन्धु खोला, जर्के खोला, मेलम्ची खोला, इन्द्रावती नदी बगर लगायतका सहायक खोलाहरूको बगर क्षेत्रबाट दिगो रूपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् कार्य सञ्चालनका लागि गर्न लागिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना !**

**(प्रकाशित मिति : २०८०/०१/१७)**

**बागमती प्रदेश सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिकाको वडा नं.१, ५, ६, ७, ९, १०, ११, १२ र १३ मा मेलम्ची नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।**

| | |
|---|---|
| प्रस्तावक | मेलम्ची नगरपालिका<br>ठेगाना : मेलम्ची, सिन्धुपाल्चोक<br>सम्पर्क नं: ०११-४०११४१, ४०११४२ |
| प्रस्तावको व्यहोरा | यस प्रस्तावको नाम "मेलम्ची नगरपालिकाभित्रको सिन्धु खोला, जर्के खोला, मेलम्ची खोला र इन्द्रवती नदी बगर क्षेत्रबाट दिगो रूपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन र उत्खनन् कार्य सञ्चालनका लागि गर्न लागिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) हो ।<br>वातावरण संरक्षण नियमावली २०७७ अनुसार नदीबाट दैनिक १०० देखि ३०० घन मिटरसम्म सङ्कलन तथा उत्खनन् गर्न प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नुपर्ने प्रावधान रहेकोले यस प्रतिवेदन तयार गरिएको हो । |
| प्रभाव पर्न सक्ने क्षेत्र | सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिकाको वडा नं. १, ५, ६, ७, ९, १०, ११, १२ र १३ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न काठमाडौं महानगरपालिकाको वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावक | मेलम्ची नगरपलिका<br>ठेगाना : मेलम्ची, सिन्धुपाल्चोक<br>सम्पर्क नं.०११-४०११४१, ४०११४२<br>इमेल : dms.melamchimun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | नामः Engineering Professional Practice Consultancy Pvt. Ltd.<br>ठेगानाः कुसुन्ती, ललितपुर<br>सम्पर्क नं.+९७७-९८५१३२६९५९ |

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रभाव दैनिक**

रूपशाला



## गीतकार खरेललाई 'अम्बर गुरूङ राष्ट्रिय संगीत पुरस्कार'

प्रसिद्ध संगीतकार अम्बर गुरूङको नाममा पोखरेली युवा सांस्कृतिक परिवारद्वारा स्थापित 'अम्बर गुरूङ राष्ट्रिय संगीत पुरस्कार' पहिलोपटक वरिष्ठ गीतकार किरण खरेललाई प्रदान गरिने भएको छ । रू दुई लाख राशिको सो पुरस्कार आगामी शनिबार पोखरामा आयोजना हुने पुरस्कार समारोहमा गीतकार खरेललाई समर्पण गरिने पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेलले जानकारी दिए । छ दशकदेखि निरन्तर गीत लेखनमा साधनारत खरेलले नेपाली संगीतजगतमा पुऱ्याएको विशिष्ट योगदानका लागि पुरस्कार प्रदान गर्न लागिएको उनको भनाइ छ । पुरस्कारमा नगदसहित ताम्रपत्र र दोसल्ला रहनेछ । साहित्य, कला र संगीतको उत्थानमा क्रियाशील परिवारले नेपाली संगीत क्षेत्रका शिखर व्यक्तित्व अम्बर गुरूङको स्मृति एवम् सम्मानमा गत वर्ष उक्त पुरस्कार स्थापना गरेको थियो ।

आइतबार, १७ वैशाख २०८० (Sunday, April 30, 2023)

# पत्रकार स्याङ्तानको 'ओ पेङदोर्जे'

■ प्रभाव संवाददाता



सहयोद्धा प्रविणा गोलेलाई आफ्नो पुस्तक हस्तान्तरण गर्दै कवि राजु स्याङ्तान । तस्बिरः प्रभाव

**काठमाडौं–** पत्रकार तथा कवि राजु स्याङ्तानको पहिलो कविता संग्रह 'ओ पेङदोर्जे' शनिबार सार्वजनिक भएको छ । आफूसँग सशस्त्र द्वन्द्वका बेला साथै लडेकी सहयोद्धा प्रविणा गोलेलाई पुस्तक हस्तान्तरण गरेर राजुले यो पुस्तक सार्वजनिक गरेका थिए । द्वन्द्वका बेला सिन्धुपाल्चोकको ठोकर्पामा भएको दोहोरो भिडन्तमा प्रविणाले हात गुमाएकी थिइन् ।

पब्लिकेसन नेपालयको आर शालामा पुस्तक विमोचन गर्न'अघि वक्ताहरूले कुनै समय हतियार बोकेर समाज रूपान्तरणमा लागेका राजुले पछिल्लो समय बोकेको कलमको हतियार अत्यधिक धारिलो भएको टिप्पणी गरे । 'एउटा समुदायबाट उठेको मानिस उसको वरपरको विभिन्न थिचोमिचो, सहयोग र असहयोगको बीचबाट हुर्कँदा हुर्कँदै बजार र विश्वव्यापीकरणसँग जुध्न पुग्छ,' पुस्तकमा अटाएको कविताबारे टिप्पणी गर्दै समीक्षक हरि शर्माले भने, ' परिणाममा बजार, समाज र पूँजीवादको बन्दी भएका कविको वेदना र पीडा यसमा सशक्त ढंगले प्रतिबिम्वित भएको छ ।'

एकठाउँ कविले अफगानिस्तानको राजधानीको सन्दर्भ उल्लेख गर्दै शर्माले कुनै कविको कल्पनाशीलता यस रूपमा पाउँदा आश्चर्यसमेत प्रकट गरे । यसरी विम्ब र प्रतिविम्ब प्रयोग गर्दै कल्पनाहरूलाई सशक्त ढंगले उभ्याउने राजुलाई आफुले समग्रमा भने यथार्थवादी कविका रूपमा पाएको शर्माले बताए ।

कार्यक्रममा नयाँ पुस्ताका कवि राजुका बारेमा अघिल्ला पुस्ताका कवि श्रवण मुकारुङले चिनारी प्रस्तुत गरेका थिए । 'मैले नछुटाईकन पढ्ने अहिलेका कविहरू माझ राजुको कविता पढ्ने गरेको छु,' कार्यक्रममा बोल्दै मुकारुङले भने, 'राजु उनको परिवेशलाई आम पाठकको मर्ममा छोएर प्रस्तुत गर्न प्रखर देखिएका छन् ।'

त्यस अवसरमा राजुले पुस्तकमा अटाएका दुइवटा कविता वाचन गरेर सुनाएका थिए । यस कविता संग्रहमा छ वटा फरक खण्डभित्र ५१ वटा कविता अटाएका छन् । कार्यक्रममा पब्लिकेसन नेपालयका तर्फबाट बोल्दै किरणकृष्ण श्रेष्ठले लेखक तथा प्रकाशकहरूले जति छिटो पुस्तकहरू धेरै माध्यममा उपलब्ध गराउछन्, त्यति नै पाठकको दायरा फराकिलो हुने जानकारी दिए ।

'यतिबेला साहित्यिक पुस्तकमध्ये सबैभन्दा थोरै कविता बिक्री भइरहेको यथार्थकै बीच हामीले यसै विधाको पुस्तक प्रस्तुत गर्ने जमर्को गरेका छौं,' किरणले भने, 'कुनै समय पुस्तकको विक्री बढेर फेरि कमी आउन थालेकामा हामी प्रकाशकहरूले कस्ता पुस्तक पाठकलाई दियौं भनेर पनि यतिबेलै आत्मसमीक्षा गर्न' जरुरी छ ।' एक सय ५१ पृष्ठको यो कविता संग्रह शनिबारबाटै सबैजसो प्रमुख पुस्तक पसलहरूमा उपलब्ध हुने जानकारी पब्लिकेसन नेपालयकी प्रमुख कार्यकारी अधिकृत सैजन मास्केले दिएकी छिन् । मास्केका अनुसार यस किताबलाई संसारभरका पाठकले अमेजन मार्फत् पनि खरिद गर्न सक्नेछन् ।

# पूर्वप्रधानन्यायाधीश श्रेष्ठको 'जिन्दगीका तरेली' लोकार्पण

**काठमाडौं (प्रस)–** पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठको 'जिन्दगीका तरेली' नामक गीति एल्वम लोकार्पण गरिएको छ। उनका पिता कुलबहादुर श्रेष्ठ र माता लक्ष्मीदेवी श्रेष्ठले आज यहाँ आयोजित समारोहमा उक्त एल्वम सार्वजनिक गरेका हुन् । उक्त एल्वममा तिमी अर्कै भयौं, म सिँढी चढ्दै जान्छु, कर र करार होइन माया, के जिउनु खै जिन्दगी, देउराली भाक्नुपर्ने, के भेट भयो यस्तो र हिमाल हेरेर बोलका जीवन, प्रेम, आत्यात्मिक र देश दर्शनसँग सम्बन्धित सातवटा गीत समेटिएको छ ।

पूर्वप्रधानन्यायाधीद्वारा रचित गीतमा गायक आनन्द कार्की, रामकृष्ण ढकाल, सत्यराज आचार्य, स्वरूपराज आचार्य, शिशिर योगी, सुमित खड्का र मिलन नेवारको स्वर र शक्ति बल्लभको संगीत रहेको छ । सो अवसरमा प्रमुख अतिथि एवं गीतकार श्रेष्ठका पिता कुलबहादुरले मानिस भएर जन्मिएपछि देशको सेवा र अरुको सम्मान गर्नुपर्छ भन्ने बुद्धि र विवेक सबैमा रहन जरुरी रहेको बताए ।

वरिष्ठ गीतकार यादव खरेलले गीत भनेको शब्द, संगीत र गायनको संयोजन भएकाले त्रिवेणीमा जोडिएपछि कलकल बगेको नदीको पानीभैँ हुनुपर्ने बताए । उनले भने, "गीत-संगीतले प्रदान गर्ने मिलन, विछोड र हाँसोका कुरा आम स्रोता र दर्शकले अपनत्व महसुस गर्नुपर्छ, त्यसो भएमा सिर्जनाले निरन्तरता पाउँछ ।"

प्रा डा कृष्णहरि बरालले नेपाली गीत-संगीत र साहित्यिक विधामा पूर्वप्रधानन्यायाधीश श्रेष्ठ शक्तिशाली लेखक र लेखनमा निरन्तता भएको श्रष्टाकारूपमा स्थपित हुने विश्वास व्यक्त गरे । वरिष्ठ संगीतकार शक्ति बल्लभले नेपालको गीत संगीतका सागरमा प्रवेश गरेकोमा पूर्व प्रधानन्यायाधीशलाई स्वागत गर्दै उनका गीतमा सिर्जनामा विविधतामात्र नभई नेपाली शब्द भण्डारलाई बलियो बनाएको बताए ।

गीतकार श्रेष्ठले गीत-संगीतको नयाँ यात्रामा प्रवेश गरेकाले सिर्जनाका बारेमा आउने प्रतिक्रिया र सुझावलाई पूर्णरूपले सम्मान गर्ने बताए । उनले भने, "संगीतको पवित्र धुनले वातावरण सुधार्न योगदान पुर्याउँछ, हामीले गरेका कर्मले समाजमा सिर्जनशीलता र आशाको सन्देश प्रवाह गर्नुपर्छ भन्ने लाग्छ ।" कार्यक्रममा सहभागी अन्य वक्ताहरूले उनका गीतले राष्ट्रियताप्रति इमान्दार हुन खबरदारी गरेको प्रतिक्रिया दिए ।

# वरिष्ठ साहित्यकार काइँलालाई एक लाख राशिको पुरस्कार



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली लेखक सङ्घले वरिष्ठ साहित्यकार बैरागी काइँलालाई पुरस्कृत गरेको छ । प्रथम लेखक दिवका अवसरमा शनिबार आयोजित कार्यक्रममा उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले काइँलालाई पुरस्कृत गरे ।

उक्त पुरस्कारको राशि रु एक लाख रहेको छ । कार्यक्रममा उपप्रधानमन्त्री खड्काले मुलुकको राजनीतिक परिवर्तनमा स्रष्टा, साहित्यकारको अतुलनीय योगदान रहेको बताए । 'राजनीतिक नेतृत्वले खुट्टा कमाइरहेका बेला स्रष्टा सहित्यकारका तर्फबाट परिवर्तनका लागि महत्वपूर्ण योगदान रह्यो', उनले भने । अधिनायकवादी सोच परास्त गर्न साहित्यकार काइलाले गरेको योगदान बिर्सन नसकिने उनको भनाइ थियो ।

मुलुकमा देखिएको बेथितिको अन्त्य, अर्थतन्त्रलाई माथि उठाउनुपर्ने चुनौती समाधान गर्न वर्तमान सरकार प्रतिबद्ध रहेको जनाउँदै उनले देश र जनतालाई आशा जगाउने गरी काम गर्नुपर्ने बताए । 'देश र जनतालाई आशा जगाउने गरी मुलुक चलाउन सकेनौं भने धेरै ठूलो सङ्घर्ष र बलिदानबाट प्राप्त उपलब्धिलाई साकार पार्न कुनै पनि त्रुटि हुँदैन', उनले भने ।

संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री सुदन किरातीले राजनीतिक परिवर्तनका लागि लेखेर लड्ने व्यक्तित्वका रूपमा काइँला रहेको र उनले स्रष्टाका तर्फबाट लोकतान्त्रिक आन्दोलनमा नेतृत्व गरेको स्मरण गरे । उनले लेखकमा सत्ता र शक्तिका लागि लेख्ने र जनताका लागि लेख्ने दुईखाले प्रवृत्ति देखिएको बताए । लेखकले राजनीतिक परिवर्तनलाई थप सशक्त बनाएको प्रमाणित भइसकेको भन्दै उनले लेखकले जनमत निर्माण गर्नुपर्ने बताए ।

सम्मानित व्यक्तित्व काइँलाले दिवसका अवसर पारेर लेखकलाई पुरस्कृत गर्न सुरु गरिनु सराहनीय काम रहेको बताए । लेखक सदाको प्रतिपक्ष हुनुपर्नेमा जोड दिँदै उनले प्रजातन्त्रका लागि लेखकको अत्यन्त ठूलो भूमिका रहेको बताए । उक्त अवसरमा उपप्रधानमन्त्री खड्काले सङ्घले प्रकाशन गरेको 'लेखक' पुस्तकको विमोचन गरेका थिए ।

## रंगशाला

### एसिसी पुरुष प्रिमियर कप

# नेपाल र युएई फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी एसिसी प्रिमियर कप क्रिकेटको फाइनलमा नेपाल र यूएई भिड्ने भएका छन् । नेपाल र कुवेतबीचको खेल वर्षाले प्रभावित भएपछि नेपाल समूह विजेता भई सेमिफाइनल प्रवेश गरेको आधारमा सोझै फाइनलमा पुगेको छ भने यूएईले डीएलएस प्रणालीका आधारमा ओमानलाई हराउँदै फाइनलमा पुगेको हो । यूएई २ रनले विजयी भयो ।

त्रिवि मैदानमा नेपाल र कुवेतबीचको खेल वर्षाका कारण प्रभावित भयो । वर्षाका कारण ओभर घटाइएको खेलमा नेपालले ४२ ओभरमा २८१ रन बनाएर कुवेतलाई २८२ रनको लक्ष्य दिएको थियो ।

टस हारेर नेपालले ब्याटिङ गर्दा २३.२ ओभरको खेल सकिँदा वर्षाका कारण स्थगित भएको थियो । त्यसपछि पानी पर्न छाडेपछि खेल अघि बढाउँदा ४२ ओभरमा घटाइएको थियो । नेपालले निर्धारित ओभरमा ९ विकेट गुमाएर २८१ रन बनाएको थियो ।

२८२ रनको लक्ष्यसहित मैदानमा उत्रिएको कुवेतका ब्याट्सम्यान नेपालका करण केसीसमक्ष निरीह हुँदा ८.३ ओभरमा ३७ रन बनाउँदा कुवेतले ६ विकेट गुमाएको अवस्थामा खेल वर्षाका कारण स्थगित हुन पुग्यो ।

नेपाल र कुवेतबीचको खेल २० ओभर नपुगेका कारण समूह चरणमा विजेताको रूपमा सेमिफाइनल प्रवेश गरेका आधारमा नेपाल फाइनलमा पुगेको हो । नेपालका लागि कप्तान रोहित पौडेलले ९५ बलमा ७ चौका र ३ छक्काको सहयोगमा ९४ रनको अर्धशतकीय ईनिङ खेले । कुशल मल्लले ४४ बलमा ४ चौका र ४ छक्काको सहयोगमा ५७ रनको अर्धशतकीय ईनिङ खेले ।

ओपनरद्वय कुशल भुर्तेल र आसिफ शेखले पहिलो विकेटका लागि ६५ बलमा ७७ रनको साझेदारी गरेका थिए । १० दशमलब ५ ओभरमा ७७ रन बनाएको अवस्थामा विकेट गुमाएको थिएन । लगत्तै तीन विकेट गुमाएको नेपालका लागि चौथो विकेटका लागि कप्तान रोहित पौडेल र कुशल मल्लले १ सय ९ रनको सानदार साझेदारी गरेपछि नेपाल सम्मानजनक योगफलमा पुगेको हो ।

मल्ल सयद मोईबको बलमा ५७ रन बनाउँदै आउट भएपछि साझेदारी तोडिएको थियो । आरिफ शेखले १९ बलमा २ चौका तथा १ छक्काको सहयोगमा १९ रन बनाए । सोमपाल कामीले ११ बलमा १ चौका र १ छक्काको सहयोगमा अविजित १३ रन बनाए ।

कुवेतका लागि कप्तान मोहम्मद अस्लाम र अदनान इद्रिसले समान ३/३ तथा सयद मोनिव र यासिन पटेलले समान १/१ विकेट लिए ।

उता यूएईले भने डीएलएस प्रणालीका आधारमा ओमानलाई २ रनले पराजित गऱ्यो । यूएईले दिएको २३७ रनको लक्ष्य पछ्याएको ओमानले ४३ ओभरमा ६ विकेट गुमाएर १९० रन बनाउँदा वर्षाका कारण खेल स्थगित भएको थियो । अब फाइनल खेल सोमबार हुनेछ । कुवेत र ओमानले तेस्रो स्थानका लागि आइतबार खेल्नेछन् । नेपाल र युएईबीचको खेलमा जित हात पार्ने टिमले भारत र पाकिस्तानलगायतका मुलुक सम्मिलित एसिया कपमा सहभागी हुने अवसर पाउनेछन् ।

### सहिद स्मारक 'ए' डिभिजन लिग

# वर्षा र चटयाङका कारण तीनै खेल रद्द

■ प्रभाव संवाददाता




**काठमाडौं–** सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलअन्तर्गतका शनिबारका खेल स्थगित भएका छन् । खेल चलिरहेकै बखत भारी वर्षा र चट्याङका कारण खेल स्थगित भएको जनाइएको छ । शनिबार खेल भईरहेका बखत वर्षा भएपछि हिमालयन शेर्पा क्लब र त्रिभुवन आर्मी क्लबबीचको खेल, संकटा क्लब र जावलाखेल युथ क्लबबीचको खेल स्थगित भएको छ ।

हिमालयन र आर्मीबीचको खेल ७१ औं मिनेटमा रोकिएको थियो । त्यहिँ समयबाट दुई टोलीबीचको खेल हुनेछ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले हिमालयन र आर्मीबीचको बाँकी समयको खेल आइतबार हुने जनाएको छ । खेल दिउँसो साढे ४ बजे सुरु हुनेछ । हिमालयन र आर्मी १-१ गोलको बराबरीमा रहेका छन् ।

त्यस्तै संकटा र जावलाखेलबीचको बाँकी समयको खेल आइतबार हुने जनाएको छ । खेल दिउँसो साढे १ बजे एन्फा कम्प्लेक्समा सुरु हुनेछ । संकटाविरुद्ध जावलाखेल १-० ले अघि रहेको छ । यस खेल ५१ औं मिनेटमा रोकिएको थियो । फोडे फोफानाले ३३ औं मिनेटमा गोल गर्दै जावलाखेललाई अग्रता दिलाएका थिए ।

त्यसका साथै शनिबारका लागि निर्धारण गरिएको चर्च ब्वाइज युनाईटेड र मनाङ मर्स्याङ्दी क्लबबीच तय भएको खेल स्थगित भएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा चर्च ब्वाइज र मनाङबीचको खेल साँझ ६ बजे सुरु हुने तालिका रहेको थियो । तर, भारी वर्षा र चट्याङको कारण खेल स्थगित भएको हो ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले चर्च ब्वाइज र मनाङबीचको खेल आइतबार हुने जनाएको छ । खेल दिउँसो साढे ३ बजे एन्फा कम्प्लेक्समा हुनेछ ।

# एन्फा र साउदी फुटबलबीच सम्झौता

■ प्रभाव संवाददाता




**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा) ले फुटबल विकास र विभिन्न फुटबल गतिविधि संचालन गर्न साउदी अरेबिया फुटबल महासंघसँग सम्झौता गरेको छ । एन्फाले एक वर्षका लागि साउदी अरेबिया फुटबल महासंघसँग सम्झौता गरेको हो ।

साउदी भ्रमणमा रहेका एन्फा अध्यक्ष पंकज विक्रम नेम्वाङ र साउदी अरेबिया फुटबलका अध्यक्ष यासेर अल मिसेहलले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

फुटबलको पारस्परिक हित, प्रवर्द्धन, विकास र सफलताका लागि दुई फुटबल संघबीच सुदृढ सम्बन्ध विकास गर्न तथा विभिन्न क्षेत्रमा सहकार्य र सहयोगको रूपरेखा तय गर्नु सम्झौताको उद्देश्य रहेको एन्फाले जनाएको छ ।

सम्झौतासँगै दुबै संघले महिला र पुरुष राष्ट्रिय टोलीका लागि मैत्रीपूर्ण खेलका लागि अवसरहरू प्रदान गर्ने छन् ।

यस्तै युथ फुटबल डेभलपमेन्ट र युथ कार्यक्रम सम्बन्धी कार्यहरू आदानप्रदान हुनेछ ।

एन्फा र साउदीबीच प्रशिक्षक तालिमको कार्यक्रम आयोजना गर्ने तथा प्रशिक्षक तालिम मिलेर आयोजना गरिने सम्झौतामा उल्लेख छ । अध्यक्ष यासर फिफा काउन्सिल सदस्य र एएफसी विकास समितिका अध्यक्ष हुन् । एन्फा अध्यक्ष नेम्वाङ एएफसीको विकास समितिका उपाध्यक्ष हुन् ।

# रुसी आक्रमणमा २६ जना युक्रेनी मारिए



**उमान (युक्रेन)–** रुसी आक्रमणमा परी पाँच बा(लबालिकासहित २६ जना मारिएका छन् । युक्रेनमाथि करिब दुई दर्जन क्षेप्यास्त्र प्रहार गरेर रुसले ती गैरसैनिक मारेको युक्रेनी अधिकारीहरूले बताएका छन् ।

मध्ययुक्रेनको ऐतिहासिक सहर उमानको आवासीय क्षेत्रमा रुसले हवाई हमला गरेको हो । भत्केका भवनका भग्नावशेषबाट मृतकका शव निकालिएका हृदयविदारक दृश्य एएफपीका पत्रकारले देखेका थिए । भग्नावेशषबाट बालबालिकाका शव पनि निकालिएका थिए ।

यो वर्ष शिशिर यामको प्रारम्भमा ऊर्जा र इन्धन प्रवाह गर्ने युक्रेनी पूर्वाधारमा आक्रमण गरेर रुसले जनजीवन कष्टकर पारेको थियो । केही समयका लागि आक्रमण बन्द गरेको रुसले नागरिक संरचना तथा आवासमा पुनः हमला थालेको छ ।

करिब ८० हजार बासिन्दा रहेको लुगान्स्कमा पनि आक्रमण भएको छ । पूर्वी लुगान्स्क सहर रुसको नियन्त्रणमा छ । रुसी क्षेप्यास्त्रहरू मध्य सहर डिनिप्रोमा पनि बर्सिएका छन् । ३१ वर्षीया एक महिला र उनकी दुई वर्षकी छोरी सुतिरहेको अवस्थामा मारिएका अधिकारीहरूले बताएका छन् । गत जनवरीमा उक्त सहरको आवासीय भवनमा भएको क्षेप्यास्त्र आक्रमणमा ४० जनाले ज्यान गुमाएका थिए । *रासस/एएफपी*

# अमेरिका–पाकिस्तान कूटनीतिक छलफल सकारात्मक दिशामा

**वासिङ्टन–** आर्थिक संकट सामना गरिरहेको पाकिस्तानले संयुक्त राज्य अमेरिकालाई सैन्य वित्तपोषण र बिक्री पुनःस्थापना गर्न आग्रह गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले त्यस किसिमको वित्त पोषण कार्यक्रम स्थगित गरेको थियो ।

अमेरिकाका लागि पाकिस्तानका राजदूत मसूद खानले बिहीबार वासिङ्टनमा आयोजित सेमिनारलाई सम्बोधन गर्दै अमेरिकाले पाकिस्तानको लागि यसअघि अघिल्लो प्रशासनले निलम्बन गरेको विदेशी सैन्य वित्तीय पोषण र विदेशी सैन्य सामग्री बिक्री पुनःस्थापित गर्नु महत्त्वपूर्ण रहेको बताएका छन् ।

अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता भएयता अमेरिका–पाकिस्तान सम्बन्ध लामो समयदेखि अनिश्चिततामा फसेको छ । अहिले अमेरिका र चीनबीचको द्वन्द्वका कारण पाकिस्तानको अमेरिकासँगको सम्बन्ध चिसिएको छ ।

दक्षिण र मध्य एसियाका लागि अमेरिकी प्रमुख उपसहायक विदेशमन्त्री एलिजाबेथ होर्स्टले संकटग्रस्त पाकिस्तानी अर्थतन्त्रको पुनर्निर्माणमा मद्दत गर्ने आवश्यकतामा ध्यान केन्द्रित गर्दै इस्लामाबादलाई अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)सँग काम गर्न आग्रह गरेको डनले उल्लेख गरेको छ ।

पाकिस्तान र आइएमएफले सहमति जनाएका सुधार सजिलो नभएको तर पाकिस्तानले देशलाई आर्थिक सबलताको स्थितिमा फर्काउनका लागि यी कदम चाल्नु आवश्यक रहेको एलिजाबेथ होर्स्टको बुझाइ रहेको छ ।

यसैबीच वासिङ्टनले इस्लामाबादलाई आइएमएफसँग सहमतिअनुरूपको 'कडा सुधार' कार्यक्रम लागू गर्न आग्रह गरेको छ ।

भर्खरै उच्चस्तरीय कूटनीतिक संलग्नता र बाक्लिदै गएको वार्ता अमेरिकासँगको तनावपूर्ण सम्बन्ध सुधार्ने सन्दर्भमा पाकिस्तानका निम्ति सकारात्मक हुनसक्ने टिप्पणी गरिएको छ । विल्सन सेन्टर वासिङ्टनमा आयोजित सम्मेलन थुप्रै चुनौतीपूर्ण घटनाक्रमको पृष्ठभूमिमा अमेरिका–पाकिस्तान सम्बन्धलाई कसरी सुधार्न सकिन्छ भन्नेमा केन्द्रित थियो ।

एक प्रश्नको जवाफ दिँदै राजदूत खानले पाकिस्तानले रुसी तेलको लागि पहिलो आग्रह गरेको र अमेरिकी सरकारसँग परामर्श गरेर त्यसो गरेको पनि बताएका छन् । सो अवसरमा अफगानिस्तानमा स्थायित्व ल्याउन पाकिस्तानले खेल्ने भूमिकाबारे पनि छलफल भएको थियो ।

अफगानिस्तानमा भएको आतंकवादको बृद्धिप्रति अमेरिका र चीन दुवै चिन्तित रहेको उल्लेख गर्दै उनले यस खतरालाई उन्मूलन गर्न मिलेर काम गर्नुपर्ने धारणा राखेका छन् । आतंकवाद शनिबार पाकिस्तान र अफगानिस्तानका लागि खतरा बनेको छ । यसलाई नियन्त्रण गरिएन भने यसको असर अन्यत्र पनि देखिने उनको टिप्पणी छ । *रासस/एएनआई*

# फिलिपिन्समा जहाज ठोक्किँदा एक जनाको मृत्यु

**मनिला–** फिलिपिन्सको कोरेगिडोर टापुमा विदेशी झण्डा दुईवटा बोकेका जहाज एकापसमा ठोक्किँदा एक जनाको मृत्यु हुनाका साथै तीन जना बेपत्ता भएका छन् ।

फिलिपिन्सको कोस्ट गार्ड (पिसिजी)ले शनिबार जनाएअनुसार ती दुई जहाज मध्ये एउटा सिएरा लियोन ध्वजावाहक जहाज दर्घटनामा पल्टिँदा चालक दलसहित २० जना घाइते भएको र तीमध्ये १६ जनालाई शुक्रबार उद्धार गरिएको छ भने एक जना चालक दलका सदस्यको शव शनिबार भेटिएको बताइएको छ ।

त्यसैगरी पिसिजीले मार्शल टापुको ध्वजावाहक जहाजका सबै २१ जना चालक दल सुरक्षित रहेको बताएको छ । बेपत्ता चालक दलको खोजी र उद्धारकार्य जारी छ । *रासस/सिन्ह्वा*

# धूमपान गरेको सहपाठीले देखेपछि...

**नयाँदिल्ली–** नयाँदिल्लीको बेदारपुर प्रहरी इलाकामा रहेको एक विद्यालयका विद्यार्थीले आफ्नै साथीलाई कुटीकुटी मारेका छन् ।

आफूहरूले धूमपान गरेको देखेका कक्षा आठका दुई विद्यार्थीले १२ वर्षका आफ्ना साथीको कुटामारी गरेर हत्या गरेका प्रहरीले जनाएको छ । शुक्रबार एमसिडी विद्यालयका कक्षा ८ का छात्रको शव नालामा भेटिएपछि हत्याको रहस्य खुलेको हो ।

आफ्नै सहपाठीलाई कुटपिट गरेर मारेको अभियागमा प्रहरीले दुवैजना अभियुक्तलाई पक्राउ गरेको छ । विद्यालय परिसरमा धूमपान गरेको देखेका उनले विद्यालय प्रशासनलाई त्यसबारेमा जानकारी दिने बताएपछि अभियुक्तद्वयले निजलाई प्रलोभनमा पारेर सुनसान स्थानमा बोलाएका थिए । उनीहरूले निजलाई लठ्ठीजस्तो कुनै भुत्ते वस्तुले बारम्बार टाउकोमा प्रहार गर्दा उनको मृत्यु भएको प्रहरी अनुसन्धानबाट ज्ञात भएको छ । *रासस/एएनआई*


## हाम्रो त्रिवेणी बचत तथा ऋण सहकारी संस्था लि.

**Hamro Triveni Saving & Credit Co-Operative Ltd.**


का.म.न.पा.–६, बौद्ध काठमाडौं, फोन नं. ०१–४९१२८९७, ४९१०५०८

### ऋणी सदस्यहरुलाई ऋण तिर्न आउने बारे ३५ दिने सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८०/०१/१७ गते**

यस संस्थाबाट विभिन्न ऋण शीर्षक अन्तर्गत तपसिलका तपाईहरू ऋणी सदस्यहरूले लिनुभएको ऋण बापत संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् अन्य दै-दस्तुर समेतको रकम भाखाभित्र नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देजहरूको उल्लंघन गर्नुभएको र सो सम्बन्धमा बारम्बार ताकेता गरी ऋण तिर्न तर्फ अनुरोध गरिएकोमा उक्त ऋणहरू तिर्ने तथा तिराउने तर्फ बेवास्ता गरी कुनै पहल नगर्नुभएकोले ऋण तिर्ने तर्फ यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थालाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम बुझाई ऋण चुक्ता गर्नुहोला । अन्यथा ऋणीहरू तथा जमानीकर्ता सदस्य तपाईहरूलाई प्रचलित सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम तथा प्रचलित कानुनबमोजिम संस्थाको लेना रकम असुलउपर गरिनेछ । यस कर्जाको सम्बन्धमा थप जानकारीका लागि यस संस्थाको कार्यालयमा सम्पर्क राख्नु हुन समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । तपाई धन जमानी दिने व्यक्ति तथा ऋणी सदस्यहरूले समेत यसै सूचनालाई आधार मानी उपरोक्त बमोजिम तिर्नु बुझाउनुपर्ने सम्पूर्ण ऋण रकम चुक्ता भुक्तान गर्न गराउन समेत यो सूचना जारी गरिएको छ ।

**तपसिल**

| सि.नं. | ऋणीको तीनपुस्ते, नाम र ठेगाना | धन जमानी दिनेको तीन पुस्ते, नाम र ठेगाना |
|---|---|---|
| १. | **नाम : शम्भु थापा**<br>बुबा : टेक बहादुर थापा<br>बाजे : धिर बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १२<br>(साविक चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. १२)<br>ना.प्र.न. ३५१४१४७/०५६ चितवन<br>जारी मिति: २०५६।०८।१७  | **नाम : उमा श्रेष्ठ थापा**<br>बुबा : नरेन्द्र कुमार श्रेष्ठ<br>पति : शम्भु थापा<br>ससुरा : टेक बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १२<br>(साविक चितवन जिल्ला भरतपुर उ.म.न.पा.वडा नं. १२)<br>ना.प्र.न. ३५७३८२/१७६२ चितवन<br>जारी मिति: २०५९।०३।२४  |
| २. | **नाम : डायना मुल**<br>बुबा/पति : लोकमान मुल/ : प्रभुराम श्रेष्ठ<br>ससुरा : भिमलाल श्रेष्ठ<br>ठेगाना : काभ्रे जिल्ला, मन्डन देउपुर न.पा., वडा नं. ७<br>(साविक सिन्धुपाल्चोक जिल्ला बाह्रविसे गाविस वडा नं.९)<br>ना.प्र.न. ११९८०२ सिन्धुपाल्चोक<br>जारी मिति: २०६०।०८।१०  | **नाम : प्रभुराम श्रेष्ठ**<br>बुबा : भिमलाल श्रेष्ठ<br>बाजे : रुद्रलाल श्रेष्ठ<br>ठेगाना : काभ्रे जिल्ला, मन्डन देउपुर न.पा., वडा नं. ७ (साविक काभ्रे जिल्ला महादेवस्थान गाविस वडा नं.८)<br>ना.प्र.न. ९०८३७ काभ्रे<br>जारी मिति: २०५७०२।११  |
| ३. | **नाम : गिता थापा**<br>बुबा : तेज बहादुर थापा<br>पति : ज्ञान बहादुर थापा<br>बाजे : हर्क बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.१२ (साविक चितवन जिल्ला भरतपुर न.पा.वडा नं. १२)<br>ना.प्र.न. ४१९ चितवन<br>जारी मिति: २०४५।०३।२१  | **नाम : सुनिल थापा**<br>बुबा : ज्ञान बहादुर थापा<br>बाजे : टेक बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.१२<br>(साविक चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. १२)<br>ना.प्र.न. ३५/३५१०२५/६८) चितवन<br>जारी मिति: २०६७०१।१५  |
| ४. | **नाम : सुनिल थापा**<br>बुबा : ज्ञान बहादुर थापा<br>बाजे : टेक बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १२<br>(साविक चितवन जिल्ला भरतपुर उ.म.न.पा.वडा नं.१२)<br>ना.प्र.न. ३५/३५१०२५/६८) चितवन<br>जारी मिति: २०६७०१।१५  | **नाम : गिता थापा**<br>बुबा : तेज बहादुर थापा<br>पति : ज्ञान बहादुर थापा<br>बाजे : हर्क बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १२ (साविक चितवन जिल्ला भरतपुर न.पा. वडा नं.१२)<br>ना.प्र.न. ४१९ चितवन<br>जारी मिति: २०४५।०३।२१  |
| ५. | **नाम : सविता कोइराला**<br>बुबा : मोहन प्रसाद घिमिरे<br>पति : विष्णु प्रसाद कोइराला<br>ससुरा : भगिरथ कोइराला<br>ठेगाना : काठमाडौं जिल्ला बुढानिलकण्ठ नरगपालिका वडा नं.१०<br>(साविक काठमाडौं जिल्ला बुढानिलकण्ठ पालिका वडा नं.१०,<br>ना.प्र.न.२७-०१-७५-०७७०८) काठमाडौं<br>जारी मिति: २०७५।५।१७  | **नाम : विष्णु प्रसाद कोइराला**<br>बुबा : भगिरथ कोइराला<br>बाजे : दशरथ कोइराला<br>ठेगाना : काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा वडा नं. १०<br>(साविक मोरङ जिल्ला बरडंगा गाविस वडा नं.७<br>ना.प्र.न. ९९७४ मोरङ<br>जारी मिति: २०४५।२।९  |



### बिमालेख हरायो

मिति २०७९/१२/०१ गते, रामेछापबाट काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : कल्पना मगर
विमालेख नं : १५२००३६७३
(नेपाल लाईफ इन्स्योरेन्स क.लि,मन्थली शाखा)
ठेगाना : लिखु गा.पा.८, ओखलढुंगा
सम्पर्क नं : ९८४४४४०६८, ९८५४०४३५१६



### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०१/१७**

यस कम्पनीको मिति २०७८/१२/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **Basnet and Group Human Resource Pvt. Ltd.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **Global Recruitment Group Pvt. Ltd.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय अनुसार नाम परिवर्तन गरी **Global Recruitment Group Pvt. Ltd.** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०१/१७**

यस कम्पनीको मिति २०७९/०८/१२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **खुदी क्लिनिक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **शान्तिपुर इन्टरनेशनल मेडिकल सेन्टर** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०८/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **शान्तिपुर इन्टरनेशनल मेडिकल सेन्टर (प्रा.लि.नं.१२४३६९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/०१/१७**

यस कम्पनिको मिति २०७९।११।२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको **प्याराडाईज इङ्गलिस बोर्डिङ स्कुल प्रा.लि.** (प्रा.लि.नं. ११७३८) को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु, व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०।०१।१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **रानिवन पाठशाला प्रा.लि.**(परिवर्तित नाम) कायम गरिएको जानकारी गराइन्छ ।



### मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PLATINUM PARADISE SDN BHD**

पुर्व स्वीकृति मिति २०८०/०१/१५ | LT. No.285372 | चलानी नं. ६०२००८३४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Restaurant Worker | 60 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २४ गते (7th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**A.K. OVERSEAS (PVT.) LTD.**

श्रम ईजाजत नं.४९४/०६१/०६२

Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027
Email: akoverseas494@gmail.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं.** ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.**०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं.** ४३६४७१ । **ध्रुवको पसल– डिल्लीबजार, फोन नं.** ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – **फोन नं.**४०१६३१८, **महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं.** ९८१३९६०७४६ । **सारीका स्टेशनरी पसल – फोन नं.** ९८५११२९६८६ । **ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं.** ४२४००६० । **विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं.** ४२१९४१२ । **निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल,** ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं.** ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.**४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं.** ६६३०७५७ । **B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः** ०१–४२७६५३०, **फ्याक्सः**०१–४२७१३२२ । **दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः** ०१–४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं.** ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क :** ०१– ४२२४१८१, ०१– ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं.** ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०९१०० | प्रति तोला - १०८६०० | प्रति तोला - १४१० |



नवलपुर जिल्लाको गैँडाकोट-१ मा निर्माण सम्पन्न मौलाकाली केबुलकार । केबुलकारको वैशाख १८ गते प्रधानमन्त्री पुष्पकमल दाहालले औपचारिक रूपमा उद्घाटन गर्ने कार्यक्रम रहेको छ । *तस्बिरः सनद अधिकारी/रासस*

# चैत महिनामामात्रै साढे ३३ अर्ब रकमान्तर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षको चैत महिनामा मात्र सरकारले करिब साढे ३३ अर्ब रूपैयाँ बराबर रकमान्तर, स्रोतान्तर र थप निकासा गरेको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको '२०७९ चैत महिनामा पुँजीगततर्फ रू एक करोडभन्दा बढीको एक उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा भएको रकमान्तरको विवरण'अनुसार रू ३३ अर्ब ३४ करोड ४५ लाख ८१ हजार बराबर रकमान्तर भएको हो ।

यो अवधिमा अर्थ मन्त्रालयले रू २७ अर्ब बराबर आन्तरिक ऋृण तिर्नका लागि रकमान्तर गरेको छ । यो रकम अर्थ विविध शीर्षकबाट निकासा दिइएको छ । त्यस्तै अर्थ विविध शीर्षकबाटै गण्डकी प्रदेश प्रमुखको कार्यालयको चालु खर्चका लागि रू २८ लाख ४३ हजार बराबर थप निकासा दिइएको छ । संघीय संसद् सचिवालका कर्मचारी, सुरक्षाकर्मी र पदाधिकारीका स्वकीय सचिवालयका कर्मचारीका लागि अतिरिक्त समय भत्ताका रूपमा रू ५० लाख निकासा दिइएको छ । लोकसेवा आयोगलाई रू चार करोड ३३ लाख, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि रू छ करोडका बराबर निकासा दिइएको छ ।

चैत महिनामा दुई वटा योजना तथा कार्यक्रमका लागि बहुवर्षीय ठेक्काको स्रोत सहमति दिइएको अर्थ मन्त्रालयले जनाएको छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गत ललितपुरको गोदावरीमा राष्ट्रिय 'हरवोरियम' भवन निर्माणका लागि रू ४० करोड ५० लाख र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत सामाखुसी-टोखा-गुर्जे सडक आयोजनाका लागि रू सात करोड ६२ लाख बराबर स्रोत सहमति दिइएको छ ।



ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बूढीगण्डकी जलविद्युत् आयोजनाको रू १९ करोड रकमान्तर गरेर नदी नियन्त्रण आयोजनाका लागि दिएको छ । त्यसैगरी, पालुङटार-कुण्डुटार सिँचाइ आयोजनाको रू तीन करोड ६४ लाख र सिँचाई पुनःस्थापना आयोजनाको रू तीन करोड ९० लाख बराबर रकमान्तर गरेर नदी नियन्त्रण आयोजनाका लागि दिइएको छ ।

बूढीगण्डकी जलविद्युत् आयोजनाको रू २१ करोड रकमान्तर गरेर बृहत् सरकारी सिँचाइ योजनाको पुनःस्थापना तथा व्यवस्थापन कार्यक्रमका लागि र रू २५ करोड रकमान्तर गरी सुनसरी-मोरङ आयोजनालाई दिइएको छ । बूढीगण्डकीकै रू २० करोड समृद्ध तराई-मधेस सिँचाइ विशेष कार्यक्रमका लागि र रू छ करोड भूमिगत स्यालो ट्युबवेल कार्यक्रमका लागि दिइएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले उत्तर-दक्षिण राजमार्गको रू नौ करोड घटाएर काठमाडौं उपत्यका सडक बिस्तार आयोजनालाई रकमान्तर गरिएको छ । राप्ती लोकमार्गको रू छ करोड ५० लाख रकमान्तर गरेर स्थानीय सडक पुल निर्माण कार्यक्रमका लागि र प्रदेश राजधानी जोड्ने राजमार्ग स्तरोन्नति कार्यक्रमको रू १० करोड रकमान्तर गरेर निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रमलाई दिइएको छ ।

# कामपाले उठायो ६ अर्बभन्दा बढी राजस्व

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले चालू आर्थिक वर्षको चैतसम्ममा रु छ अर्ब ४९ करोड ४२ लाख ५३ हजार राजस्व असुल गरेको । उक्त रकम लक्ष्यको ६२ दशमलव ३३ प्रतिशत हो । गत आवको चैतसम्ममा रु पाँच अर्ब आठ करोड ९७ लाख ८८ हजार असुल गरेको कामपा राजस्व विभाग प्रमुख ध्रुव काफ्लेले जानकारी दिए ।

उनका अनुसार गत आर्थिक वर्षमा भन्दा चालु आर्थिक वर्षको सोही अवधिमा रु एक अर्ब ४० करोड ४४ लाख ६५ हजारले बढी हो । कामपाले चालू आवका लागि करिब रु १० अर्ब ४१ करोड ९५ लाख ४९ हजार राजस्व असुल गर्ने लक्ष्य लिएको थियो । गत आवमा भने रु नौ अर्ब आठ करोड ७० लाख १३ हजारको लक्ष्य लिएको थियो ।

चालू आवका लागि हालसम्मको अवधिमा कामपाले सबैभन्दा बढी सम्पत्ति करबाट रु ७९ करोड ४३ लाख ६४ हजार प्राप्त गरेको छ । विगतका तीन वर्षमा कोरोना महामारीका कारण आशाअनुरूप कर असुल हुन नसकेको भए पनि चालू आवमा लक्ष्यमा पुग्न समस्या नहुने कामपा राजस्व विभागको भनाइ छ ।

सम्पत्ति, घरबहाल, व्यवसाय, विज्ञापन, मनोरञ्जन, भूमि, मूल्य अभिवृद्धि र सवारीसाधन करसहित ३६ शीर्षकमा कामपाले राजस्व असुल गर्दै आएको छ । विगतका वर्षमा कोरोनाका कारण राजस्व असुलीमा केही समस्या आए पनि यस वर्ष हालकै अवस्थामा राजस्व असुल भए लक्ष्यमा पुग्न कुनै समस्या नहुने प्रमुख काफ्लेको भनाइ छ ।

यस वर्ष कामपाका लागि बाह्य अनुदान रकम कम छ । आन्तरिक राजस्व असुलमा खासै समस्या नभएको विभागले जनाएको छ । पछिल्लो समय कामपाले राजस्व सङ्कलनका लागि थप कडाइ गरेसँगै लामो समयदेखि उठ्न नसकेको बक्यौता रकम असुलउपर गर्न सहज भएको बताइएको छ ।

कामपाले गत फागुन ३ मा 'घरबहाल व्यवस्था निर्देशिका २०७९' जारी गरिसकेको छ । निर्देशिका अनुसार कुनै पनि घरधनीले घरभाडामा लगाउँदा वा घरखाली गराएकोबारेको सूचना सात दिनभित्र वडा कार्यलयमा दिनुपर्छ । लिखित सम्झौताको एकप्रति सम्बन्धित वडा कार्यालय, एकप्रति घरधनी र अर्को एकप्रति भाडामा बस्नेले राख्नुपर्ने निर्देशिकामा व्यवस्था छ । सम्झौतामा बहाल रकम, तिर्नुपर्ने मिति, बहाल कायम रहने अवधि र अवधि थपबारे उल्लेख हुनुपर्छ ।

# चिया निर्यात बढ्यो, आम्दानी घट्यो

■ **कृष्णराज गौतम**

**काठमाडौं–** पछिल्लो समय चियाको निर्यातमा वृद्धि भए पनि त्यसबाट प्राप्त हुने आम्दानीमा कमी आएको पाइएको छ । प्रत्येक वर्ष निर्यातमा खडा हुने बाधाव्यवधान, झन्झटिलो प्रक्रिया, नेपाली चियामा हुने मिसावटलगायत कारणले न्यून मूल्यमा बिक्री गर्नुपर्ने बाध्यताले यो क्षेत्र क्षमताअनुसार नाफामूलक बन्न सकेको छैन ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार आव २०७७/७८ मा ११ हजार नौ सय २० मेट्रिकटन चिया निर्यात भई रु तीन अर्ब ७९ करोड ७१ लाख कारोवार भएकामा आव २०७८/७९ मा निर्यात वृद्धि भई १२ हजार चार सय ९४ मेट्रिकटन पुगेको छ । कारोबार भने घटेर रु तीन अर्ब ४३ करोड ४३ लाख पुगेको हो ।

बोर्डका कार्यकारी निर्देशक विष्णु भट्टराईका अनुसार भारतलगायत अन्य मुलुकमा चिया पाँच सय ७४ मेट्रिकटन निर्यात वृद्धि हुँदा रु ३६ करोड २८ लाखले कारोबारमा कमी हो । राष्ट्रिय चिया तथा कफी विकास बोर्डले २७औं 'राष्ट्रिय चिया दिवस' का सन्दर्भमा यही वैशाख १४ देखि आजसम्म चिया प्रवर्द्धनसम्बन्धी विभिन्न कार्यक्रम आयोजना गरेको छ । दिवसका क्रममा नेपाली अर्थोडक्स चियामा 'ट्रेसाविलिटी प्रणाली' लागू गरिएको छ ।




उक्त प्रणालीबाट चिया उत्पादक कम्पनीको उत्पादनलाई बिक्री वितरण गर्दा सूचना अनिवार्य बारकोटमा राख्नुपर्ने व्यवस्था गरिएको छ । उपभोक्ताले चियाका बारे आवश्यक सूचना बारकोटबाट प्राप्त गर्ने हुँदा गुणस्तर र तौलमा ठगी हुन पाउँदैन । चियाको उत्पादनमा वृद्धि तथा निर्यात प्रवर्द्धन गर्नसकेमा त्यसले राष्ट्रिय अर्थतन्त्रमा बलियो योगदान गर्न सक्नेछ । अन्तर्राष्ट्रिय बजारमा हुने चिया निर्यातले बढ्दो व्यपार घाटा न्यूनीकरण गरी कृषकको आर्थिक रूपान्तरणमा सहयोग पुग्नेछ ।

दिवसमा चिया उत्पादक किसान, प्रशोधक, उद्योगी व्यवसायी, बिक्रेता, उपभोक्ता, विभिन्न राष्ट्रबाट सहभागी हुने कूटनीतिज्ञलगायत विशिष्ट व्यक्तिको सहभागितामा चौथो अन्तर ाष्ट्रिय चिया महोत्सवसमेत गरिएको छ । महोत्सवमा विभिन्न प्रकारका चिया प्रदर्शनी गरिएको हो ।

दिवसअन्तर्गत इलाममा चियाका बगैंचा अवलोकनका लागि भ्रमणका साथै नेपाली र विदेशी चिया व्यापारीबीच शिष्टाचार व्यापारिक बैठक गराइने कार्यक्रम छ । यस वर्ष 'गुणस्तर, निर्यात र आर्थिक उपार्जन बढाऔं, चिया क्षेत्रलाई राष्ट्रको समृद्धिसँग जोडौं' भन्ने मूल नाराका साथ दिवस मनाउन लागिएको छ ।

विसं १९२० मा इलाममा कर्णेल गजराजसिंह थापाले चीनबाट उपहारस्वरूप प्राप्त चियाको बिरुवा रोपेपछि नेपालमा चियाखेतीको सुरुआत भएको मानिन्छ । त्यस अगाडि चिया रोपण भएको कुनै जानकारी छैन । कर्णेल थापा त्यस क्षेत्रमा बडाहाकिमका रूपमा कार्यरत रहँदा चियाखेती सुरु भएको इतिहास छ । त्यसको केही वर्षपछि झापाको फाँटमा सोक्तिम चिया कमानको स्थापनाबाट नेपालमा चियाखेती क्रमशः विस्तार हुँदै गएको हो ।

सरकारले विसं २०३९ मा झापा, पाँचथर, धनकुटा र तेह्रथुमलाई चिया क्षेत्रका रूपमा घोषणा गरी सरकारी तहबाट व्यावसायिक चिया खेतीको प्रवर्द्धन गरेको पाइन्छ । हाल नेपालका पूर्वी जिल्लाबाहेक ललितपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, कास्की, लमजुङलगायतका जिल्लामा समेत चिया खेती गर्न थालिएको बोर्डका निर्देशक दिपक काफ्लेले जानकारी दिए ।

विसं २०५७ मा सरकारले राष्ट्रिय चिया नीति ल्याएको थियो । सरकारले चिया प्रवर्द्धनका लागि बनाएको चिया तथा कफी विकास बोर्डले समेत प्रभावकारी काम गर्न नसकेको व्यवसायीको भनाइ छ । चिया किसान विकास लामाले चियाको विश्व बजारमा ठूलो माग हुँदा पनि नेपालले अपेक्षित लाभ लिन नसकिरहेकाले सरकारले उचित नीति निर्माण गर्नुपर्ने बताए ।

नेपालको भौगोलिक अवस्था र वातावरण चिया खेतीका लागि उपयुक्त छ । यहाँको जैविक चियाको गुणस्तर राम्रो भएकाले विश्वबजारमा लोकप्रिय मानिन्छ । चिया क्षेत्रलाई व्यवस्थित गर्न सरकारले किसान प्रोत्साहन कार्यक्रम ल्याउनुपर्ने चिया किसान लामाको माग छ । चिया क्षेत्रमा अझै पनि निकै समस्या छन् तर समाधानमा सरकार, निजी क्षेत्र र किसानको समन्वय तथा सहकार्यको खाँचो रहेको बताइन्छ । *रासस*

डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
- वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ